ओडिसा घटनाबारे परराष्ट्रमन्त्रीद्वारा भारतीय मन्त्रीसंग कुराकानी | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २६६ • २०८१ साल फाल्गुन ०८ गते बिहीबार (20 February, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## 'लाज शरणम' को प्रचार रोकियो

**टुडे समाचारदाता**

गौर । हत्या सम्बन्धी मुद्दामा जेल सजाय काटिरहेका मो.अफताब आलमको रिटमा 'लाज शरणम' को प्रचार रोकिएको छ ।

चलचित्र 'लाज शरणम'को मुख्य पात्रको अनुहार, लवज, हिडाइलगायतको नक्कल गरिएको छ । त्यसले आफ्नो बदनामी भएको भन्दै उच्च अदालतमा आलमले रिट दायर गरेको थियो । सो रिटको आदेशमा सामाजिक सञ्जाल र सञ्चार माध्यमहरुमा प्रचार नगर्न अदालतले भनेको छ ।

फागुन १४ गते महाशिवरात्रीको अवसरमा फिल्मको प्रदर्शन गर्ने तयारी गरिएको छ । तर हालसम्म सेन्सर बोर्डले फिल्मलाई पास गरेको छैन ।

पूर्वमन्त्री समेत रहेका आलम बम विष्फोटमा घाइते भएका मानिसहरुलाई इट्टा भट्ठीमा जिउँदै जलाएको अभियोगमा सजाय काटिरहेका छन् । उनलाई रौतहट जिल्ला अदालतले दोषी ठहर गरिसकेको छ ।

आलम जेल चलान हुने बेला देखिएको अनुहारलाई 'लाज शरणम' चलचित्रमा उतारिएको छ । फिल्मको प्रचारलाई हाल रोकिएको छ । सेन्सरले पास गरे निर्माताले चलचित्रको प्रचार गर्न पाउने बताइएको छ ।

### विदेश हानिए यादव, अँध्यारोमा अध्यादेश

# भूमि सम्बन्धी अध्यादेश फिर्ता नभए कुनैमा समर्थन नगर्ने जसपा नेपालको अडान

**टुडे समाचारदाता**

काठमाण्डु । अगामी हप्ता संसदमा अध्यादेश पेश गर्ने सरकारले तयारी गरिरहेको बेला हालसम्म निर्णायक देखिएका जनता समाजवादी पार्टी(जसपा) नेपालले कुनै अध्यादेशलाई समर्थन नगर्ने देखिएको छ ।

अहिलेसम्म जसपा नेपाल भूमिसम्बन्धी अध्यादेश फिर्ता लिनुपर्ने अडानमा थियो । तर सरकारले संसदबाट अध्यादेश पारित हुने दाबी गरिरहेको बेला जसपा नेपालले फिर्ता नभए अन्य अध्यादेशलाई समेत समर्थन नगर्ने बताएको छ ।

सत्ता गठबन्धनका नेताहरुले अध्यादेश पारित हुने विश्वास व्यक्त गर्दै आएका छन् । तर संसदको कार्यसूचीमा अध्यादेश चढेको छैन । यसै हप्ता अध्यादेश संसदमा टेबुल हुने भनिए पनि नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले फागुन ११ गते टेबुल गर्ने जनाएका थिए ।

अध्यादेशलाई अँध्यारोमा नै छाडेर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव ५ दिने भ्रमणका लागि बुधवार कतार प्रस्थान गरेका छन् । उनको सचिवालयले सार्वजनिक गरेको कार्यक्रम अनुसार यादव १२ गते रातिसम्म स्वदेश फर्किने छन् ।

जसपा नेपालका महासचिव रामकुमार शर्माले जनाए अनुसार पार्टीको केन्द्रिय समिति बैठक १९ गतेदेखि र त्यस अगावै कार्यकारिणी समितिको बैठक हुनेछ । अध्यक्ष यादव विदेश भ्रमणबाट फर्के लगतै पार्टी बैठकहरुको तयारीमा लाग्ने उनले बताए ।

अध्यादेशको विषयमा जसपा नेपाल आफ्नो निर्णयमा अडिग गरेको बताउँदै शर्माले भने, 'भूमिसम्बन्धी अध्यादेश सरकारले फिर्ता नलिए अन्य अध्यादेशलाई समेत समर्थन गरिने छैन ।

'अध्यादेशको सबालमा अध्यक्षजीले सार्वजनिक गर्नुभएको धारणामा दृढ हुनुहुन्छ ' शर्माले भने, सरकारले ल्याएको अध्यादेश देश र मधेशको बिरोधमा छ ।

प्रतिनिधि सभामा सम्मानजनक बहुमतमा रहेको नेपाली कांग्रेस र नेकपा एमालेको सरकारलाई राष्ट्रिय सभामा बहुमत छैन । बहुमतका लागि राष्ट्रिय सभामा ३० जना सांसद चाहिन्छ । कांग्रेस र एमालेसित बहुत मुश्किलले २९ सांसद छन् । लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)नेपालले भूमिसम्बन्धी अध्यादेश पारित गर्न समर्थन नगर्ने विज्ञप्ति जारीगरि धारणा सार्वजनिक गरिसकेको छ ।



सत्तारुढ गठबन्धनले राष्ट्रिय सभामा ८ सांसद रहेको नेकपा एस(माधव कुमार नेपाल)को दललाई विभाजन गरी बहुमत पुऱ्याउने दाउ लगाएको छ ।

सत्तागठबन्धनको चाललाई बुझेको नेकपा एसका अध्यक्ष नेपालले पार्टीको पोलिटब्यूरो बैठक र केन्द्रीय समिति बैठकमा सबै सांसदहरुलाई सँगै राखेका छन् ।

नेकपा एसका एकजना राष्ट्रिय सभासदस्य सत्तागठबन्धन तर्फ नलाग्ने पोलिटब्यूरो सदस्य समेत रहेका पूर्व मन्त्री सत्रुधन महतोले जनाएका छन् ।

'नेकपा एसबाट सत्ता गठबन्धनले राष्ट्रिय सभामा समर्थन पाउने दिवास्वप्न मात्र हो' महतोले भने, नेकपा एस प्रतिपक्षको रचनात्मक भूमिका निर्वाह गरिरहेको छ ।

सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व अध्यादेश, निजीकरण ऐन २०५० लाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेश, सहकारी सम्बन्धी अध्यादेश र भूमिसम्बन्धी अध्यादेश गरि ६ वटा अध्यादेश ल्याएको छ ।

नेकपा एसले साथदिने सम्भावना न्यून रहेकाले राष्ट्रिय सभामा निर्णायक शक्ति नै जसपा नेपाल बनेको छ । जसपाको समर्थन लिन सरकारले भूमिसम्बन्धी अध्यादेश फिर्ता लिनुको बिकल्प छैन । तर सरकारले पनि सबै अध्यादेश पारित हुने दाबीबाट पछि हटेको छैन । यद्यपी सरकारले अध्यादेश टेबुल गर्न सकेको छैन ।

भूमिसम्बन्धी अध्यादेश फिर्ता नलिएसम्म अन्य पाँच वटा अध्यादेशमा पनि सहयोग नगर्ने जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले बताएका छन् । 'भूमिसम्बन्धी अध्यादेशलाई थाती राखेर अरू बाँकी पाँच वटामा समर्थन जनाउनुको कुनै अर्थ रहँदैन ' उनले भने, त्यो कानुनको रूपमा कार्यान्वयनमा आइसकेकाले फिर्ता लिएपछि मात्र अरू अध्यादेशमा सहयोग गर्छौं ।'

'अध्यादेश तराई-मधेश तथा पिछडिएको समुदायको पक्षमा छैन, त्यो खारेज भएपछि मात्र अन्य पाँच वटा अध्यादेशमा सहयोग गर्ने कुरा मैले प्रधानमन्त्री ओलीलाई पनि भनेको छु ।' उनले भने ।

जसपा नेपालले भू-माफियाहरुको हितमा सो अध्यादेश आएको आरोप लगाउँदै आएको छ । भूमिसम्बन्धी अध्यादेश पारित भए तराई मधेसका सम्पूर्ण चुरे वन क्षेत्र विनाश हुनुको साथै असली सुकुम्वासी विस्थापित भएर हिमाल, पहाडबाट बसाइसराइ हुने अध्यक्ष यादवको चिन्ता छ ।

स्वर्गवासी राजा महेन्द्रले पूर्वपश्चिम राजमार्गको वन विनास गरी गराएको बसाईसराईको दोस्रो संस्करण कांग्रेस-एमालेको गठबन्धन सरकारले ल्याउन लागेको महासचिव शर्माले आरोप लगाए ।

अध्यादेशमा तराई मधेशका पुराना सहर, बजार, बस्तीको गाउँ ब्लक, बिटौरीको जग्गामा पनि अरूलाई बसाउने उल्लेख छ । तर, ती जग्गा जसले भोगचलन गरी तिरो तिरिरहेका छन्, उनीहरूको नाप नक्सा गरी जग्गा धनी पुर्जा वितरण गरिनुपर्ने जसपा नेपालले भन्दै आएको छ ।






# सशक्त स्रोतका रूपमा प्रस्तुत हुनुपर्छः सञ्चारमन्त्री गुरुङ



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले राष्ट्रिय समाचार समिति (रासस) समयानुकूल अझ सशक्त र प्रभावकारी स्रोतका रूपमा प्रस्तुत हुनुपर्ने आवश्यकता औल्याउनुभएको छ ।

राससको ६४औँ वार्षिकोत्सवको अवसरमा बुधबार शुभकामना व्यक्त गर्दै उहाँले राज्यद्वारा सञ्चालित देशको एक मात्र समाचार समितिका रूपमा अविछिन्न सेवारत रही सञ्चारमाध्यमलाई समाचार सामग्री सम्प्रेषण गर्दै आएको रासस सशक्त र प्रभावकारी स्रोतका रुपमा प्रस्तुत हुनुपर्ने बताउनुभएको हो ।

मन्त्री गुरुङले भन्नुभएको छ, "राससले मिडिया सङ्ग्रहालय सञ्चालन गरेर इतिहासमा अभिलेखिकरण गरेको छ, यसले विभिन्न मातृभाषामा समाचार सेवा तथा २४सै घण्टा समाचार सेवा सञ्चालन गरेर प्रशंसायोग्य काम गरेको छ, सरकारको नीति र निर्देशनलाई पालना गर्दै प्रचार साझेदारका रुपमा रहेको राससलाई प्रभावकारी सञ्चारमाध्यमका रुपमा विकास गर्न सङ्घीय सरकारबाट आवश्यक सहयोग र समन्वय हुने विश्वास दिलाउन चाहन्छु ।"

उहाँले आफ्ना सेवाग्राहीको सङ्ख्या वृद्धि गरी उपलब्ध सम्पत्तिको अधिकतम् सदुपयोग र आम्दानीका अन्य स्रोतसमेत पहिल्याएर आफूलाई आत्मनिर्भर बनाउन रासस व्यवस्थापनले ध्यान दिनेमा विश्वास व्यक्त गर्नुभएको छ । "सरकार प्रेसलाई सङ्कुचन गर्ने कुनै मनसाय नराखी संविधानप्रदत्त अधिकार बमोजिम स्वच्छ आलोचनालाई आत्मसात् गरेर अघि बढिरहेको छ, सरकारले विगतका प्रेससँग सम्बन्धित कानुनमा समसामयिक सुधार गरी सङ्घीयताको मर्म र भावनालाई स्थानीय तहसम्मै अनुभूति गर्नेगरी मौजुदा कानुनमा संशोधन, परिमार्जन र अद्यावधिक गर्न आवश्यक छ", उहाँले भन्नुभएको छ ।

त्यस कार्यमा प्रेससँग सम्बन्धित सरोकार भएका सबै पक्षसँग सहकार्य गर्न सरकार तयार रहेको उहाँको भनाइ छ । "उहाँले नेपाली सञ्चार क्षेत्रमा देखिएका विकृति, विसङ्गति र मिथ्या सूचनाको प्रवाह तथा सामाजिक द्वेष फैल्याउने कार्यमा रोक लगाउन सञ्चार सम्बद्ध सबै पक्षको सकारात्मक सहयोगका लागि आह्वान पनि गर्दछु", उहाँले भन्नुभएको छ । राससले आफ्ना नीति तथा कार्यक्रमका साथ सूचना प्रविधिलाई अधिकतम उपयोग गरी आफ्नो सेवालाई विविधिकरण र व्यावसायिकीकरण गर्दै अझ विश्वसनीय र भरपर्दो सञ्चारमाध्यमका रूपमा स्थापित गर्नुपर्ने बताउनुभयो ।रासस

# साइकल दौड प्रतियोगितामा रानी कुमारी प्रथम

टुडे समाचारदाता

रौतहट । रौतहट जिल्ला स्तरीय साईकल दौड प्रतियोगितामा रानी कुमारी यादव प्रथम स्थान ल्याउन सफल भएकी छिन्। राजदेवी मीडिया सेन्टरले आयोजना गरेको १२ औ जिल्ला स्तरीय महिला साइकल दौड प्रतियोगिता बुधवार उनी प्रथम भएकी हुन् ।



प्रतियोगितामा प्रथम राजदेवी नगरपालिकामा ६ की रानी कुमारी यादव, दोस्रोस्थानमा वडा २ की सन्जनी कुमारी यादव , वडा ६ की रबिना कुमारी साह तेस्रोस्थान हासिल गरेको आयोजक मीडिया सेन्टरका अध्यक्ष रामपुकार राउतले बताएका छन् ।

बुधवार एक समारोहको आयोजना गरी प्रमुख अतिथी मधेश प्रदेश सभामुख रामचन्द्र मण्डलले महिला साइकल दौड प्रतियोगितामा प्रथम रानी कुमारी यादव लाई ५० हजार, दोस्रो सन्जनी कुमारी यादव लाई ३० हजार, तेस्रो रबिना साह लाई २० हजार रुपैयाँको चेक हसतान्तरण गरेका छन्। कार्यक्रममा प्रदेश सभामुख मण्डलका साथै नेकपा एमालेका केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज अजय कुमार गुप्ता, केन्द्रिय लेखा आयोग सदस्य राजकिशोर यादव, प्रदेश सांसद नागेन्द्र साह सेन्टर अध्यक्ष राउत, लगायतको सहभागिता रहेको थियो।

फाइनल प्रतियोगितामा सहभागी सबै १५ जना बालिकाहरू लाई प्रोत्साहन स्वरूप साईकल प्रदान गरिएको आयोजकले जनाएको छ ।

महिला सशक्तिकरणका लागि राजदेवी मिडिया सेन्टरले २०६८ साल देखि प्रत्येक बर्ष महिला साइकल दौड प्रतियोगिताको आयोजना गर्दै आएको छ । कोरोनाकालमा भएको थिएन ।

# विमानस्थलमा पिक र ड्रपको लागि शुल्क नलाग्ने



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुर विमानस्थलमा न्यूनतम समयमा पिक अप र ड्रपको लागि यात्रुहरूलाई कुनै शुल्क नलाग्ने निर्णय गरिएको छ ।

यसले विमानस्थलमा क्षणिक समयका लागि रोकिएका सवारी साधनसहित यात्रुलाई पनि सहज हुने भन्दै परम्परागत नियम परिमार्जन गर्दै सवारी साधनलाई सीमित अवधिका लागि पार्किङ शुल्क तिर्नु पर्ने बाध्यातात्मक व्यवस्था हटाइएको छ ।

मुख्यमन्त्री सतीशकुमार सिंहको रोहबरमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीलगायतको संयुक्त छलफल र सहमतिबाट सीमित अवधिका लागि पिक र ड्रप गर्ने सवारी साधनबाट शुल्क नलिने निर्णय गरिएको छ ।

यसअघि जनकपुर विमानस्थलमा यात्रुहरूलाई केवल चढाउन वा ओर्लाउन जान्ने सवारी साधनलाई पार्किङमा नरोकीकन पनि शुल्क तिर्नु पर्ने बाध्यता रहेको थियो ।

केही मिनेटको लागि विमानस्थल प्रवेश गर्दा समेत सवारी साधनलाई अनावश्यक शुल्क तिर्न बाध्य पारिने प्रचलन थियो ।

यसले यात्रुहरूलाई असहज बनाएको थियो ।

सरोकारवालाहरूको संयुक्त पहलबाट गरिएको यस निर्णयले यात्रुहरूको यात्रा प्रक्रियालाई सरल बनाउने र विमानस्थलका सेवा सुविधामा सुधार ल्याउने विश्वास लिएको छ ।

# पारदर्शिता कायम राख्न समाचार सेवा प्रभावकारी बनेको छः अध्यक्ष दाहाल

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले नागरिकलाई संसदीय प्रणालीका बारेमा सुसूचित गराउन, जनमत निर्माण गर्न तथा पारदर्शिता कायम राख्न राष्ट्रिय समाचार समिति (रासस) को समाचार सेवा प्रभावकारी भएको बताउनुभएको छ ।

राससको ६४औँ वार्षिकोत्सवको अवसरमा बुधबार शुभकामना



व्यक्त गर्दै उहाँले लोकतान्त्रिक समाज निर्माण, पारदर्शिता र सुशासन कायम गर्न तथा देशलाई आर्थिक समृद्धिको यात्रामा अघि बढाउन राससको भूमिका विशिष्ट रहँदै आएको उल्लेख गर्नुभएको छ ।

अध्यक्ष हादालले भन्नुभएको छ, "विसं २०१८ फागुन ७ गते सरकारी तहबाट स्थापना भएको राससले सरकार, राज्य, जनता र देशका दूरदराजका समाचार सङ्कलन गरी प्रवाह गर्दै आइरहेको छ, सञ्चार लोकतन्त्रको महत्वपूर्ण अङ्ग हो, जसले आमजनताको सूचनाको हकलाई सुनिश्चित गर्न योगदान पुऱ्याउँदै आएको छ ।" नेपालमा भएका ठूलाठूला राजनीतिक आन्दोलनको समर्थन गर्दै परिवर्तनका निम्ति गरेका आन्दोलनमा राससले जनताको पक्षमा अहम भूमिका खेल्दै आएको उहाँको भनाइ छ ।

"सङ्घीय संसद्का दुवै सदन राष्ट्रियसभा र प्रतिनिधिसभाका गतिविधिहरू सम्प्रेषणमा रासस को भूमिका निकै महत्वपूर्ण रहँदै आएको छ, सभा तथा समितिमा हुने कानुनी बहस, नीति निर्माण, विधेयकको छलफल, संसदीय निर्णय, सार्वजनिक सरोकारका विषयमा गरिने छलफल तथा सरकारको नीति तथा कार्यक्रमसम्बन्धी संवादलाई समाचारमार्फत आम जनतामाझ पुऱ्याउने काम राससले गरिरहेको छ", उहाँले भन्नुभएको छ ।

विगत ६३ वर्षको यात्रामा राससले विभिन्न आरोहअवरोह पार गर्दै आफ्नो उत्तरदायित्व पूरा गरेको उल्लेख गर्दै उहाँले प्रविधिको तीव्र विकास र डिजिटल सञ्चार माध्यमको व्यापक विस्तारको वर्तमान परिवेशमा राससले आफूलाई नवीनतम प्रविधिसँग समायोजन गर्दै आफ्नो समाचार सेवा अझ प्रभावकारी रुपमा विस्तार गर्ने अपेक्षा उहाँको छ ।रासस

# खाडी समन्वय परिषद्स्थित नेपाली नियोगका प्रमुखसँग परराष्ट्रमन्त्रीको छलफल



काठमाण्डु । आठौँ 'इण्डियन ओसन कन्फ्रेन्स' तथा द्विपक्षीय बैठकहरूमा सहभागी हुन ओमान भ्रमणमा रहनुभएकी परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको उपस्थितिमा मङ्गलबार ओमानलगायत खाडी समन्वय परिषद्स्थित नेपाली नियोगका प्रमुखसँग छलफल गर्नुभएको छ ।

ओमानस्थित नेपाली राजदूतावासले परिषद्स्थित नेपाली नियोगका राजदूत, कार्यवाहक महावाणिज्यदूत, नियोग उपप्रमुख, श्रम काउन्सेलर तथा श्रम सहचारीलगायत नियोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीको सहभागितामा 'भर्चुअल' बैठक गरेको हो ।

उक्त बैठकमा महिला घरेलु कामदारलगायत नेपाली श्रमिकको उद्धार, सहायता, स्वदेश फिर्ती, बिमा तथा क्षतिपूर्ति, आश्रयस्थल व्यवस्थापन, शव व्यवस्थापनलगायत श्रमिकसँग सम्बन्धित समस्या एवं समाधानका उपाय, प्रभावकारी सेवा प्रवाहमा देखिएका चुनौती र समाधानका उपायबारे छलफल भएको थियो ।

उक्त दूतावासका अनुसार बैठकमा आर्थिक, सांस्कृतिक तथा सार्वजनिक कूटनीतिका विविध आयाम, व्यापार, लगानी, पर्यटन, संस्कृति, भाषा, वेशभूषा, तथा रोजगार प्रवर्द्धन, जनस्तरको सम्बन्ध विस्तार, नेपाली समुदाय तथा सामाजिक सङ्घसंस्थासँगको सहकार्य तथा नेपाली नियोगमा उपलब्ध स्रोतसाधनको प्रभावकारी व्यवस्थापन तथा उपयोगलगायत विषयमा विस्तृत रूपमा छलफल भएको थियो ।

छलफलका क्रममा प्राप्त सुझावलाई समावेश गरी उठान भएका विषयउपर परराष्ट्र मन्त्रालय र अन्य सरोकारवाला निकायबाट उपयुक्त निर्णयका लागि सिफारिस गर्ने निर्णय भएको उक्त दूतावासले जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

परराष्ट्रमन्त्री देउवाले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित, भरपर्दो बनाउने सरकारको नीति बताउँदै यो महत्त्वपूर्ण उद्देश्य हासिल गर्न विदेशस्थित नेपाली नियोगहरूको प्रमुख भूमिका हुने भएकाले लागि सबैले तदारूकताका साथ कार्यसम्पादन गर्न निर्देशन दिनुभयो । विदेशमा कार्यरत नेपाली श्रमिकका समस्या पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न सरोकार भएका । सबै निकाय सक्रिय हुनुपर्ने र दीर्घकालीन रूपमा समस्या समाधान गरी यस क्षेत्रलाई आकर्षक बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

दूतावासका अनुसार परराष्ट्रमन्त्रीले ' डिजिटल' सुशासन कायम गर्ने सरकारको नीतिबमोजिम मागपत्र प्रमाणीकरणलगायत नियोगको सेवा प्रवाहलाई मितव्ययी, सरल, पारदर्शी, प्रभावकारी तथा सूचना प्रविधिमैत्री बनाउन निर्देशन दिनुभयो । नेपालको समग्र विकासका लागि आर्थिक कूटनीति प्रवर्द्धनमा नियोगहरुले विशेष सक्रियता देखाउन तथा सम्बन्धित मन्त्रालयले आवश्यक सहजीकरण गर्न अपरिहार्य रहेको बताउँदै यस सम्बन्धमा कुनै व्यवधान देखिएमा बाधा अड्काउ फुकाउन परराष्ट्र मन्त्रालय तत्पर छ भन्नुभयो ।

बैठकपश्चात् परराष्ट्रमन्त्री देउवाले ओमानस्थित नेपाली सङ्घसंस्थाका प्रतिनिधि, राजदूतावासका स्वयंसेवक तथा नेपाली समुदायका अगुवाहरुसँग अन्तरक्रिया गर्नुभयो । यस क्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै उहाँले सबैलाई इमान्दारीपूर्वक काम गरी नेपालको छवि अभिवृद्धि गर्न आह्वान गर्नुभयो ।

सरकारले नेपाली श्रमिकहरुको हकहित र सेवासुविधाको सुरक्षा एवं प्रवर्द्धनका लागि आवश्यक नीतिगत, संस्थागत तथा कानुनी संरचना निर्माण तथा नियमित परिमार्जन गरिरहेको जानकारी पनि उहाँले दिनुभएको थियो ।परराष्ट्रमन्त्री देउवा तथा उहाँले नेतृत्व गर्नुभएको प्रतिनिधिमण्डलको सम्मानमा राजदूत डोरनाथ अर्यालले रात्रिभोजको आयोजना गर्नुभएको थियो । परराष्ट्रमन्त्री तथा उहाँको प्रतिनिधिमण्डल ओमानको भ्रमण सम्पन्न बुधबार स्वदेश फर्कने कार्यक्रम रहेको थियो ।रासस

# 'प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार' बाट डा. अनिल सम्मानित



टुडे समाचारदाता

जनकपुरधाम । चिकित्साशास्त्रमा गरेको अद्वितीय योगदानको लागि डा. ओम मूर्ति अनिललाई ' प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार २०८१' बाट सम्मान गरिएको छ ।

यो पुरस्कार शान्ति, सुशासन, नवप्रवर्तन र समाज सेवामा डा. अनिलले गरेको उत्कृष्ट योगदानको मान्यता रहेको छ ।

डा. अनिलले महोत्तरी जिल्लामा मात्र नभई देशभर स्वास्थ्य सेवा सुधारमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । उनको कार्यले समग्रमा स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा उल्लेखनीय सुधार ल्याएको छ ।

समाजको स्वास्थ्य क्षेत्रमा ठूलो परिवर्तन ल्याउने उनको अथक परिश्रम र समर्पणलाई सम्मान जनाउँदै उनलाई यो प्रतिष्ठित पुरस्कार प्रदान गरिएको हो ।

डा. अनिलका योगदानहरूले समाजमा स्वास्थ्य सेवा पुर्याउनका लागि व्यापक असर छोडेका छन् । उनका कार्यहरूले समुदायमा स्वस्थ्य र सशक्त जीवनको निर्माणमा महत्वपूर्ण कदम रहेको छ ।

उनले स्वास्थ्य सेवामा नवप्रवर्तनको पक्षमा निरन्तर प्रयास गर्दै आएका छन् ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- **मेष :** खर्च भए पनि विभिन्न अवसरले पछ्याउने छन् । मेहनत गर्दा अवसर भने पाइनेछ ।
- **वृष :** नयाँ व्यवसाय सुरु गर्ने मौका छ ।
- **मिथुन :** प्रयत्न गर्दा भाग्यले साथ दिनेछ ।
- **कर्कट :** अप्ठ्यारा कामको बोझ थपिने सम्भावना छ ।
- **सिंह :** सूरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ ।
- **कन्या :** प्रशंसकहरु बढनेछन् र मानसम्मान समेत पाइनेछ ।
- **तुला :** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ ।
- **वृश्चिक :** विगतका कमजोरी सच्याउने मौका मिल्नेछ ।
- **धनु :** काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ ।
- **मकर :** सामान्य कामबाट राम्रो लाभ उठाउन सकिने छ ।
- **कुम्भ :** अध्ययन अध्यापनमा प्रगति हुनेछ ।
- **मीन :** विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गणतन्त्रको १६ वर्ष पुस्तक' सार्वजनिक




काठमाण्डु । राष्ट्रिय समाचार समिति (रासस)ले वार्षिकोत्सवका अवसरमा 'राससको फोटो किताबः गणतन्त्रको १६ वर्ष' पुस्तक प्रकाशन गरेको छ ।

राससको ६४ औं वार्षिकोत्सव मूल समारोहका अवसरमा बुधबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उक्त पुस्तक सार्वजनिक गर्नुभयो । राज्य र सरकारको कामलाई प्रचारप्रसार गर्ने उद्देश्यले राससले गणतन्त्र दिवस २०८० को सन्दर्भमा 'हाम्रो संस्कृति : हाम्रो सम्पदा' र गणतन्त्र दिवस-२०८१ को सन्दर्भमा 'गणतन्त्रको उपलब्धि : समृद्धिका लागि पूर्वाधार' शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो । उक्त प्रदर्शनीमा राखिएका तस्बिरलाई सङ्ग्रह गरेर 'रासस फोटो किताब : गणतन्त्रका १६ वर्ष' पुस्तक प्रकाशन गरेको राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले बताउनुभयो । यो फोटो किताबले नेपालमा विकास तथा कुनै काम भएन भनेर स्थापित गर्न खोजिएको गलत भाष्यलाई चिर्न सहयोग पुग्ने विश्वास लिएको कार्यकारी अध्यक्ष झाले बताउनुभयो ।

सरकारले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछिका १६ वर्षमा राजनीतिक स्थायित्वसँगै, सीमित स्रोत, साधन र प्रविधिका बीच नागरिकका आशा तथा अपेक्षालाई अधिकतम सम्बोधन गर्न प्रयत्न गरिरहेका छन् । यसबीचमा गठन भएका सङ्घ, प्रदेश र स्थानीय सरकारले सडक, पुल, जलविद्युत्, सञ्चारजस्ता पूर्वाधारको विकासलाई तीव्रता दिएका छन् । संविधानले परिलक्षित गरेको समतामूलक समाज निर्माणका लागि देखिने गरी काम भइरहेका छन् ।

यो वस्तुतथ्यलाई नजरअन्दाज गेरर देशमा केही भएन भन्नेजस्तो गरी नकारात्मक भाष्य सिर्जना गरी राजनीतिक तहमा प्राप्त सबै उपलब्धिलाई नकार्ने र जनतालाई दिग्भ्रमित तुल्याउने कार्यलाई थोरै भए पनि चिर्न यो फोटो किताबले सहयोग गर्ने कार्यकारी अध्यक्ष झाले बताउनुभयो । मुलुकमा भएको विकास र प्रगतिका विषयमा नागरिकलाई सही र सत्य कुराको जानकारी गराउनु पनि राष्ट्रिय समाचार समिति (रासस) जस्तो राज्यको समाचार एजेन्सीको मुख्य दायित्व भएको उहाँको भनाइ छ ।

पुस्तकमा राससकर्मीहरूले कैद गरेर राससको बुलेटिनमा प्रकाशित भएका तस्बिर र अतिआवश्यक तर रासससँग नभएका केही तस्बिरलाई सौजन्यका रूपमा सङ्ग्रह गरिएको राससका महाप्रबन्धक एवं पुस्तक प्रकाशन उपसमितिका संयोजक सिद्धराज राईले बताउनुभयो । "सकेसम्म महत्त्वपूर्ण तस्विरलाई समेट्ने प्रयास गरेका छौँ, यो पुस्तक एक प्रस्थानविन्दु मात्र हो", उहाँले भन्नुभयो । पुस्तक सामूहिक प्रयासबाट गरिएको रचनात्मक कामको एक ठोस उपलब्धि भएको उहाँले बताउनुभयो ।रासस

# 'राससलाई सूचना सम्प्रेषण गर्ने उपयुक्त संस्था बनाऔँ'



काठमाण्डु । राष्ट्रिय समाचार समिति (रासस)ले स्थापनाको मूलमन्त्र सत्य, तथ्य र विश्वसनीयताको छविलाई कायम राख्दै युगको मागअनुसार समाचार विषयवस्तुलाई थप समावेशी र गुणस्तरीय बनाउँदै लैजान सुझाव दिइएको छ ।

राससको ६४ औं वार्षिकोत्सवमा अवसरमा बुधबार आयोजित कार्यक्रममा पत्रकारिता क्षेत्रका अग्रजहरूले समसामयिक विषयसँगै समाज र आमजनताको मुद्दालाई पनि राससले आफ्ना 'कन्टेन्ट'मा प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले सत्य, तथ्य र भरपर्दो सूचना राससबाट प्राप्त हुन्छ भन्ने स्थापित मान्यतालाई जोगाउन सुझाव दिँदै राससबाट सम्प्रेषण हुने त्यस्ता समाचारले नागरिकलाई सही सूचना प्राप्त गर्न योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले सीमित स्रोत र साधनका बाबजुत राससले सेवाको विविधिकरण गरिरहेको जनाउँदै स्रोत सुनिश्चित भएमा राज्यले अघि बढाएका र राससले थालनी गरिका महत्वपूर्ण कामले सार्थकता पाउने विश्वास व्यक्त गर्नुभयो ।

"रासस सरकारको सूचना सम्प्रेषण गर्ने उपयुक्त संस्था हो भने सरकारले त्यो जिम्मेवारी देओस्, हामी त्यो जिम्मेवारीलाई औपचारिक ढङ्गले पूरा गर्न चाहन्छौँ", उहाँले भन्नुभयो, "युगअनुसार समाचार विषयवस्तुलाईसमावेशीरप्रविधियुक्त बनाउन 'कन्टेन्ट वर्कसप'लगायत कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।"

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले विश्वसनीय समाचार सम्प्रेषण गर्ने संस्थाका रुपमा आफ्नो छवी बनाएको राससले विषयवस्तु र समाचारलाई समावेशी तुल्याउदै अघि बढिरहेको बताउनुभयो । सार्वजनिक सेवा प्रसारण संस्थाका प्रमुख डा महेन्द्र विष्टले राससका समाचार सेवा जति गुणस्तरीय र प्रभावकारी हुन्छन् त्यति नै संस्थाका दायरा फराकिलो बन्दै जाने धारणा व्यक्त गर्नुभयो ।

राससका महाप्रबन्धक सिद्धराज राईले आजको डिजिटल युगमा आफूलाई समयानुकुल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न हरसम्भाव प्रयास गरिरहेको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ रासस शाखाका अध्यक्ष कृष्णप्रसाद सापकोटा, रासस कर्मचारी सङ्घका अध्यक्ष पवित्रा गुरागाईं, रासस कर्मचारी युनियनका अध्यक्ष कालिका खड्का र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन राससका अध्यक्ष प्रेमप्रसाद उपाध्यायले कर्मचारीबाट सम्पादन भएका कामको उचित मूल्याङ्कन गर्न, वृत्तिविकासका कार्यक्रम अघि बढाउन, समाचारको गुणस्तर अभिवृद्धिका साथै आन्तरिक सुशासन कायम गर्न व्यवस्थापनको ध्यानाकर्षण गराउनुभयो ।रासस

# 'सामाजिक रुपान्तरणका लागि राष्ट्रिय मेलमिलापको खाँचो'

काठमाण्डु । राप्रपा नेपालका अध्यक्ष कमल थापाले सामाजिक रुपान्तरणका लागि राष्ट्रिय मेलमिलापको आवश्यकता रहेको बताउनुभएको छ ।

प्रजातन्त्र दिवसको अवसरमा यहाँ आयोजित गोष्ठीलाई सम्बोधन गर्दै अध्यक्ष थापाले मुलुकमा दिगो शान्ति, सुशासन, विकास तथा समृद्धि हासिल गर्ने दिशातर्फ क्रियाशील हुनुपर्ने बताउनुभयो ।

प्रजातन्त्र दिवसको अवसरमा देश विदेशमा रहेका सम्पूर्ण नेपालीलाई शुभकामना दिँदै उहाँले यस अवसरमा प्रजातन्त्र स्थापनाका लागि आफ्नो ज्यानको बलिदानी दिने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्नुभयो ।

कार्यक्रममा अर्थविद् डा विश्व पौडेल, वरिष्ठ अधिवक्ता विष्णु भट्टराई, भास्कर भद्रा र निरज शाहले मुलुकमा रहेको निरङ्कुश, जहाँनिया



व्यवस्थाबाट देशलाई मुक्त गरी प्रजातान्त्रिक शासन व्यवस्थाको शुभारम्भ भएको प्रजातन्त्र दिवसको ऐतिहासिक महत्वबारे चर्चा गर्नुभएको थियो ।रासस

# केआईआइटीमा अध्ययरत एक सय २६ विद्यार्थी फर्किए



वीरगञ्ज । भारतको उडिसा राज्यस्थित कलिङ्गा इन्स्टिच्यूट अफ इन्डस्ट्रियल ट्रेक्नोलोजी (केआईआइटी) मा अध्ययरत एक सय २६ जना विद्यार्थी रक्सौल नाका हुँदै नेपाल फर्किएका छन् ।

केआईआइटीमा अध्ययनरत नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्यु भएसँगै नेपाली विद्यार्थीहरु असुरक्षाका कारण देखाउँदै स्वदेश फर्किएका हुन् ।

जिल्ला प्रशासन कार्यालय पर्साका निमित्त प्रमुख जिल्ला अधिकारी निशानराज गौतमले बुधबार एक सय तीन छात्र र २३ छात्रा फर्किएको जानकारी दिनुभयो ।

निमित्त प्रजिअ गौतमले फर्किएका विद्यार्थीले केआईआइटीका प्रशासनले धम्की र मानसिक यातना दिएको गुनासो गरेको जानकारी दिनुभयो । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले आज वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासदेखि घण्टाघर चोकसम्म मृत्यु भएकी विद्यार्थी लम्सालले न्याय पाउनुपर्ने भन्दै विरोध प्रदर्शनी गरेका थिए ।रासस

# मतदाता शिक्षा बढाउन जरुरी




काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राजनीतिक दल र तिनका उम्मेदवार इमानदार नहुँदा निर्वाचन प्रणाली महँगो भएको बताउनुभएको छ । नवौँ निर्वाचन दिवस, २०८१ का अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रममा बोल्नुहुँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचन व्यवस्थापन लागत कम रहे पनि राजनीतिक दल तथा उम्मेदवारहरुले आफूले गर्ने खर्चलाई देखाएर निर्वाचन प्रणाली महँगो भएको भन्ने खराब भाष्य स्थापित गरिरहेको बताउनुभयो । "निर्वाचन महँगो भएको भन्ने गलत भाष्य निर्माण गरिन्छ भने त्यो राजनीतिक दल र उम्मेदवारहरुको इमानदारिता माथिको प्रश्न हो । निर्वाचन प्रणाली महँगो भयो भन्ने उम्मेदवारहरुलाई मैले सोध्ने गरेको छु, तिम्रो बेइमानीको खास्टो मेरो प्रणालीमाथि ओढाएर ओभानो हुने दुस्साहस नगर्नु", उहाँले भन्नुभयो ।

निर्वाचनको बेला प्रयोग हुने राज्यसंयन्त्रको इमानदारिता माथि पनि उहाँले प्रश्न उठाउनुभयो । निर्वाचनको मिति घोषणा भएपछि त्यस कार्यमा खटिने राज्य संयन्त्रको परिचालन निर्वाचन व्यवस्थापन गर्ने मुख्य निकायबाटै हुनुपर्ने थपलियाको भनाइ छ । निर्वाचनमा नागरिक सहभागिता बढाउन निर्वाचन शिक्षा र मतदाता शिक्षा बढाउनुपर्ने आवश्यकता पनि उहाँले औँल्याउनुभयो ।

"लोकतन्त्र भनेको आफ्ना प्रतिनिधि आफैं छान्ने मात्र नभई यो मान्छेको जीवन शैली र जीवन पद्धति हो।

मतदान गर्नु भनेको नागरिकले आफ्नो अधिकारको आत्मबोध गर्नु हो । यो कर्तव्य बोध गर्नका लागि मतदाता शिक्षा बढाउन जरुरी छ", थपलियाले भन्नुभयो । नागरिक सचेत भएमा मात्रै निर्वाचन सफल हुने उहाँले उल्लेख गर्नुभयो ।

आगामी निर्वाचनका लागि मतदाता नामावली दर्ता र अद्यावधिक सम्बन्धित स्थानीय तहबाटै गर्ने व्यवस्था मिलाइने पनि थपलियाले बताउनुभयो ।

त्यस्तै, आफ्नो मतदाता नामावली रहेको क्षेत्रबाट मात्र नभई देशभित्र जुनसुकै स्थानको मतदान केन्द्रबाट पनि मतदान गर्न सकिने व्यवस्था मिलाउन अति आवश्यक रहेको उहाँको भनाइ छ ।

निर्वाचन व्यवस्थापन तथा सन्चालनसम्बन्धि कानुन चाँडै बनेर कार्यान्वयनमा आउने विश्वास उहाँले व्यक्त गर्नुभयो । त्यस्तै, निर्वाचनका क्रममा अहिले सामाजिक सञ्जाल र कृत्रिम बौद्धिकताको व्यवस्थापन नयाँ चुनौतीका रुपमा आएको उल्लेख गर्नुभयो ।

निर्वाचन आयोगका सचिव भरतमणि सुवेदीले निर्वाचनका क्रममा आयोगको स्वच्छता र निष्पक्षता कायम गर्न सफल भएको बताउनुभयो ।

निर्वाचन व्यवस्थापनका लागि विधि र पद्धति मा के-कति सुधार आवश्यक छ भनेर समीक्षा गरिनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।'निर्वाचनको प्रभावकारिताः निर्वाचन प्रक्रियामा आम नागरिकको सहभागिता' भन्ने मुख्य नाराका साथ मनाइएको नवौँ निर्वाचन दिवसका अवसरमा 'निर्वाचन स्मारिका २०८१' र 'नेपालको निर्वाचन इतिहास-३' पुस्तक विमोचन गरिएको छ ।

त्यस्तै तीनवटा जिल्ला निर्वाचन कार्यालयको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । दोलखा, स्याङ्जा, डडेल्धुराको जिल्ला निर्वाचन कार्यालयको भवन उद्घाटन गरिएको हो । त्यस्तै, हरेक प्रदेशबाट समान एक जना र आयोगका तीन जना गरी १० जना उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिएको छ ।रासस


## राजर्षिजनक विश्वविद्यालय
जनकपुरधाम, धनुषा

## करार तथा दैनिक ज्यालादारीमा शिक्षक तथा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/११/०८**

यस विश्वविद्यालय अन्तर्गत गौशाला इन्जिनियरिंग क्याम्पसमा संचालित शैक्षिक कार्यक्रम अन्तर्गत शिक्षक तथा केन्द्रीय कार्यालय, सेवा आयोगको कार्यालय, डीन तथा निर्देशकको कार्यालय, केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्र, विश्वविद्यालय क्याम्पस तथा गौशाला इन्जिनियरिंग क्याम्पसमा संचालित विभिन्न शैक्षिक कार्यक्रमहरुमा प्रशासनिक तथा प्राविधिक कार्यहरु व्यवस्थापनका लागि देहाय बमोजिमका पदमा बढीमा ६(छ) महिनाको लागि करार तथा दैनिक ज्यालादारीमा नियुक्ति गर्न आवश्यक भएको हुँदा न्युनतम योग्यता पुगेका योग्य नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र आवेदन दस्तुर बुझाएको प्रमाण, वायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यता, समकक्षता तथा अनुभवको प्रमाण पत्रहरुको प्रतिलिपि र २ प्रति फोटो संलग्न गरी रितपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**शिक्षक तर्फ** :

| क्र.सं. | शैक्षिक कार्यक्रम | पद | न्युनतम योग्यता | सिट संख्या | सेवाको किसिम |
|---|---|---|---|---|---|
| १ | Structure Engineering | सहायक प्राध्यापक | Structure Engineering मा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर गरेको। | ०१ | करार |
| २ | Water Resource/ Land and Water Engineering | सहायक प्राध्यापक | Water Resource/Land and Water Engineering मा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर गरेको । | ०१ | करार |

**कर्मचारी तर्फ** :

| क्र.सं. | पद | श्रेणी | सेवा/समुह | आवश्यक न्युनतम योग्यता | सिट संख्या | सेवाको किसिम |
|---|---|---|---|---|---|---|
| ३ | उप प्रशासक | द्वितीय | प्रशासन | विश्वविद्यालयमा उप प्रशासक पद/ निजामती सेवा(संघ) तर्फ उप सचिव पदमा कार्यरत वा सो सरहको पदबाट अवकाश प्राप्त भएको । | १ | करार |
| ४ | मुख्य प्राविधिक सहायक (MLT) | सहायक प्रथम (पन्चम्) | प्राविधिक समूह | मान्यता प्राप्त शिक्षण संस्थाबाट MLT विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतिर्ण गरेको । | १ | दैनिक ज्यालादारी |
| ५ | मुख्य प्राविधिक सहायक (Science–Civil) | सहायक प्रथम (पन्चम्) | प्राविधिक समूह | मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उतिर्ण गरेको । | १ | |
| ६ | कार्यालय सहायक | चतुर्थ | प्रशासन | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा सो सरहको परीक्षा उतिर्ण गरी कम्तिमा ३ महिनाको कम्प्युटर कोर्ष गरेको । | ४ | |
| ७ | लेखा सहायक | चतुर्थ | आर्थिक प्रशासन | | २ | |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | | कक्षा आठ उतिर्ण गरेको । | १ | |

**पदपूर्ति सम्बन्धी अन्य शर्तहरू** :

१. **दरखास्त दिने अवधि** : २०८१।११।०८ देखि २०८१।११।२२ गते, बेलुका ५ बजे सम्म ।
२. **उमेरको हद** : क्र.सं.१ देखि २ सम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र क्र.सं.४ देखि ८ सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
३. **आवेदन दस्तुर** : क्र.सं. १ देखि ३ सम्म रु. २०००/-, क्र. सं. ४ देखि ७ सम्म रु. १०००/- र क्र.सं. ८ को रु. ५००/- मात्रको राजर्षिजनक विश्वविद्यालय जनकपुरधामको राष्ट्रिय वाणिज्य बैंक पिडारी शाखाको च. खाता नं.१५२०१००००२२८१००१ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न गर्नु पर्नेछ ।
४. **आवेदन बुझाउने स्थान** : केन्द्रीय कार्यालय, रा.ज.वि. जनकपुरधाम ।
५. **परीक्षाको किसिम** : क्र.सं १ देखि २ सम्म लिखित र अन्तर्वार्ता तथा क्र.संख्या ३ देखि ८ सम्म अन्तर्वार्ता मात्र ।
६. **लिखित परीक्षा हुने मिति/समय/स्थान** : २०८१।११।२४, विहान ८:०० देखि ११:०० सम्म, विश्वविद्यालय क्याम्पस, जनकपुरधाम ।
७. **अन्तर्वार्ताको मिति/समय** : पछि प्रकाशन गरिनेछ ।
८. **तलब/सुबिधा** : रा.ज.वि.को नियमानुसार ।
९. विस्तृत जानकारी विश्वविद्यालयको वेबसाईट र सूचना पाटिमा हेर्न सकिनेछ ।

**सम्पर्क** : ०४१–५९०९३१, ९८५१२७४०३३

**शिक्षक तथा कर्मचारी पदपुर्ति समिति**
२०८१



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुरक्षाको प्रत्याभूति हुनुपर्छ

भारतको उडिसा राज्यको भुवनेश्वरस्थित कलिंगा इन्स्टिच्यूट अफ् इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा आइतबार अपराह्न २० वर्षीया प्रकृति लम्सालको आत्महत्याको घटनाले विद्यार्थीहरु त्रासमा छन् । अभिभावकहरु चिन्तित छन् । केआईआईटीमा झण्डै १ हजार नेपाली विद्यार्थी अध्ययनरत्त छन् । देशको विभिन्न भागबाट त्यहाँ नेपाली विद्यार्थीहरु अध्ययन गर्न गएका छन् । विगतमा पनि त्यहाँबाट थुप्रै विद्यार्थी प्राविधिक शिक्षा हासिल गरी स्वदेशको विभिन्न क्षेत्रमा कार्यरत्त छन् । भारतका दर्जनौं कलेज र विश्वविद्यालयले नेपालको विभिन्न भागमा पुगेर विद्यार्थीहरुलाई आकर्षक अफर देखाएर अध्ययनका लागि लग्ने गर्छन् । नेपालको विभिन्न सहरहरुमा भारतीय कलेज र युनिर्भसिटीले विभिन्न प्रकारको शैक्षिक मेला आयोजना गर्छन् । नेपाली एजेन्टहरु घर घर पुगेर विद्यार्थीलाई काउन्सिलिंग गर्छन् । हरेक वर्ष भारतमा अध्ययनका लागि भारी संख्यामा नेपाली विद्यार्थीहरु जान्छन् । उच्च शिक्षाका लागि मात्र नभइ विद्यालय शिक्षाका लागि पनि बालबालिकाहरु भारतमा पठाइन्छ । तर उडिसाको घटनाले विद्यार्थी र अभिभावकहरुलाई चिन्तित तुल्याएको छ । प्रकृति लम्सालको मृत्युको घटनाले भन्दा पनि केआईआईटी प्रशासन, प्राध्यापकको भूमिकाले विद्यार्थी र अभिभावकहरुलाई गम्भीर बनाएको छ । युनिर्भसिटीमा अध्ययनरत विद्यार्थीहरुसित भएको दुर्व्यवहारले त्यहाँ कार्यरत्त प्राध्यापक र कर्मचारीहरुको नेपालीप्रतिको मानसिकता उजागर भएको छ । जुन अत्यन्त निन्दनीय छ । नेपाली विद्यार्थीहरुसित भएको व्यवहारले युनिर्भसिटीमा कार्यरत प्राध्यापक, कर्मचारीहरु अराजक, दुष्ट प्रवृत्तिका देखिएका छन् । युनिर्भसिटीमा अनुशासनको चरम अभाव देखिन्छ । मृतक प्रकृतिले आफूमाथि भएको दुर्व्यवहारबारे दुई पटक सम्बन्धित निकायमा लिखित उजुरी गरेकी छन् । उनले आफूलाई त्यो केटा (अड्वीक श्रीवास्तव) ले ह्यारेसमेन्ट गरेको भनेर इन्टरनेशनल रिलेसन अफिसर (आरआरओ) लाई निवेदन दिएकी थिइन् । पहिलो पटक निवेदन दिँदा श्रीवास्तवलाई सस्पेण्ड गरिएको थियो । तर दोस्रो निवेदनपछि कुनै कारबाही भएन । त्यसपछि प्रकृत्तिको मृत्युको खबर आयो । नेपाली विद्यार्थीले प्रकृत्तिका लागि न्याय माग्दा युनिर्भसिटीका पदाधिकारी, प्राध्यापक, कर्मचारीले अमानवीय व्यवहार गर्दै नश्लिय टिप्पणीहरु समेत गरे । कुटपिट गरी विद्यार्थीहरुलाई युनिर्भसिटी परिसरबाट बाहिर निकालियो । ओडिसा धार्मिक दृष्टिले पनि अत्यन्त पवित्र स्थल मानिन्छ । त्यहाँ भगवान जगनाथ प्रभुको वास रहेको धार्मिक मान्यता छ । भगवान कृष्ण दाजु बलराम र बहिनी सुभद्रासित त्यहाँ बिराजमान छन् । तर त्यहाँको युनिर्भसिटीमा रहेका महिला पदाधिकारी, कर्मचारी, प्राध्यापकहरुमा मानवीय संवेदना नै छैन । गुण्डाहरुको भन्दा पनि उनीहरुको व्यवहार अराजक देखिन्छ । ओडिसा प्रहरी, ओडिसा सरकार र भारत सरकारसमेतले तत्काल हस्तक्षेप गरी नेपाली विद्यार्थीहरुसित दुर्व्यवहार गर्ने पदाधिकारी, प्राध्यापक र कर्मचारीहरुमाथि कडा कारबाही गर्नुपर्छ । नेपाली विद्यार्थी र अभिभावकहरुका लागि भारत सरकारले भयमुक्त वातावरण सृजना गर्नुपर्छ ।

# प्रजातन्त्र संस्कारको रुपमा विकसित हुनुपर्छ



हरिविनोद अधिकारी

हामी ७५औं प्रजातन्त्र दिवस मनाउन लागेका छौं । एउटा अकल्पनीय युग थियो जहानियाँ शासनको । त्यो जहानियाँ राणाशासनको संस्थापक थिए तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा । उनले जुनसुकै उद्देश्यले आफ्ना सन्तानहरूले मात्र शासन चलाउन पाउने गरी राणाहरूको शासकहरूको क्रम बसाले जसको अन्त्य २००७ सालको जनक्रान्तिले गरेको थियो । त्यसरी एउटा परिवारको हालीमुहालीमा राज्य चलाउने राणा परिवारका विरुद्धमा अन्याय खप्न नसक्ने राणाहरू पनि जनक्रान्तिका पक्षमा लागेको इतिहास भेटिन्छ ।

राणाशासनको विरुद्धमा केही सङ्गठित, केही असङ्गठित प्रयास २००७ सालभन्दा पहिले पनि भएको पाइन्छ, जसको मुख्य आधारका रुपमा १९९७ सालको प्रजापरिषद्को जनविद्रोहको आवाज थियो, जसलाई राणाशासनले कुल्चियो र नेपालका महान् सपूतहरू शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाललाई मृत्युदण्ड दिइएको थियो । त्यसले तत्कालका लागि त राणा प्रशासनलाई राहत नै भएको थियो होला तर त्यसैको झिल्को र जनचेतनाको लहर नेपाल र भारतमा बसेका नेपालीहरूका माझ यसरी फैलियो कि राणाले कल्पना नै नगरेको विद्रोह भयो, नेपाली जनताहरू आफ्नो नागरिक स्वतन्त्रताका लागि हतियारसम्म उठाउन बाध्य भए, जसका लागि २००३ साल फेरि अर्को कोसेढुङ्गो साबित भयो, जसले नेपालीहरूको प्रजातान्त्रिक हक प्राप्तिका लागि, जन्मसिद्ध नागरिक हक प्रजातान्त्रिक अधिकार प्राप्तिका लागि भारत प्रवासमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको स्थापना गरियो ।

नेपाली राष्ट्रिय कांग्रेसमा प्रमुख नेताहरू थिए, विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद उपाध्याय तर उनीहरूले त्यो संस्थाको अध्यक्षका रुपमा प्रजातन्त्रका लागि नेपाली जेलमा रहेका टङ्कप्रसाद आचार्यलाई बनाए र कार्यवाहक अध्यक्षको रुपमा कार्यकारी नेता बनाएर विश्वेश्वरप्रसाद कोइराला थिए । उता प्रजातन्त्र कांग्रेसका मुख्य नेताहरू थिए सुवर्णशमशेर राणा, महेन्द्रविक्रम शाह र सूर्यप्रसाद उपाध्याय । मुलुकको वृहत्तर हित र नागरिक अधिकारको तत्काल बहालीका लागि ती दुवै दलहरू एकाकार भए र नेपाली कांग्रेस नामक दलको स्थापना गरियो । एकाकार प्रजातान्त्रिक दल नेपाली कांग्रेसले नेपालमा प्रजातन्त्रका लागि आवश्यक परे सशस्त्र क्रान्तिसमेत गर्ने निधो गऱ्यो ।

तत्कालको राणाशासनले सम्झाएर बुझाएर किन प्रजातन्त्र दिन्थ्यो र ? स्थिति कतिसम्म संवेदनशील बन्यो भने राजा मुलुक बाहिर जान बाध्य भए । अनि प्रजातन्त्रका लागि राजाको समेत समर्थनमा सशस्त्र क्रान्ति भएको थियो जसको नेतृत्व नेपाली कांग्रेसले लिएको थियो । विसं २००७ कात्तिक २६ गते सुरु भएको जनक्रान्तिले फागुन ७ गतेभित्रै आफ्नो लक्ष्य पूरा गर्दै फागुन ७ मा नै प्रजातन्त्र घोषणा गराउने काम गर्न सफल भएको थियो ।

दुई दल मिलेपछि प्रजातान्त्रिक प्रक्रियाको लागि सशस्त्र क्रान्तिसमेत गरियो र त्यसको फलस्वरुप मुलुकमा प्रजातन्त्र घोषणाको तयारी भयो । भारत प्रवासमा रहेका राजा र उनका परिवार पनि फर्किए । सशस्त्र क्रान्ति पनि सहमतिमा रोकियो र राजाले २००७ फागुन ७ गते मुलुकलाई नयाँ युगको प्रतीकस्वरुप प्रजातन्त्र घोषणा गरे र भने "... हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले..." भन्ने घोषणासँगै आफूलाई सहयोग गर्ने एक मन्त्रिपरिषद् पनि घोषणा गरिएको थियो । त्यो मन्त्रिपरिषद्मा राणा पक्षीय, कांग्रेस पक्षीय र राजा पक्षीय मन्त्रीहरू थिए । राजा त्रिभुवनले प्रधानमन्त्रीमा तत्कालै निवर्तित भएका श्री ३ महाराज प्राइममिनिस्टर मोहनशमशेर जङ्गबहादुर राणालाई नै परराष्ट्रमन्त्रीसमेत नियुक्त गरेका थिए भने अन्य मन्त्रीहरू थिए- बबरशमशेर जङ्गबहादुर राणा रक्षामन्त्री, विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री, सुवर्ण शमशेर राणा अर्थमन्त्री, चुडाराजशमशेर वन विभाग मन्त्री, गणेशमान सिंह उद्योग वाणिज्यमन्त्री, नृपशमशेर जङ्गबहादुर राणा शिक्षामन्त्री, भद्रकाली मिश्र यातायातमन्त्री, यज्ञबहादुर बस्न्यात् स्वास्थ्य र स्वायत्त शासनमन्त्री, भरतमणि शर्मा खाद्य र कृषिमन्त्रीसमेत अरु मन्त्रीहरू सम्मिलित भएको एक मन्त्रिमण्डल गठन गरिएको थियो । राजा त्रिभुवनले यो मन्त्रिपरिषद् निजको इच्छाअनुसार पदमा रहनेछन् भनेको थिए ।

> प्रजातन्त्रका लागि लड्नेहरूले प्रजातन्त्रको एउटा विश्वव्यापी खाकाको सैद्धान्तिक धारणालाई आत्मसात् गरेका हुन्छन् र एउटा प्रजातान्त्रिक सीमाको धर्को कोरेका हुन्छन् । त्यो धर्को भनेको प्रजातन्त्रको खुला सीमा हो, जसको एउटा अनुशासनलाई त्यसप्रति आस्था हुनेले मान्नैपर्छ, नत्र उ प्रजातन्त्रवादी हुनै सक्दैन । जनताको प्रत्यक्ष सहभागितालाई २००७ सालमा आदर्श मानेर प्रजातन्त्रको स्थापना गरिएको थियो र विभिन्न बहानाबाजीमा राजाहरूले २०१५ सालमा मात्र जननिर्वाचित संस्थाको व्यवस्था गरेका थिए । प्रजातन्त्रले त्यही बेलादेखि नै अभ्यासबाट टाढा बस्न बाध्य हुनुपरेको थियो । २०१७ पुस १ गतेको प्रजातन्त्रको घाँटी निमोठ्ने र संसद भङ्ग गरी जननिर्वाचित सरकार विघटन गर्ने आततायी घटना र त्यसपछिका ३० वर्षको निर्दलीयताको कुरै नगरौं ।

नेपालमा प्रजातन्त्रको अभ्यास र शासन प्रणालीको स्वर्णिम कल्पना गर्ने हाम्रा ती महान प्रजातन्त्रवादीहरूलाई स्मरण गर्ने बेलामा के पनि बिर्सनु हुँदैन । जुन प्रजातन्त्रको हामी उपयोग र अभ्यास गरिरहेका छौं, के त्यही परिणामका लागि लाखौं नेपालीले. रगत र पसिना बगाएका हुन् प्रजातन्त्र प्राप्ति र पुनर्प्राप्तिका लागि ? यो प्रश्न आजको समयमा सर्वत्र उठिरहेको छ । प्रजातन्त्रवादीले प्रजातन्त्रको नेतृत्व गरिरहेको छ कि प्रजातन्त्र विरोधीले प्रजातन्त्रको विरुद्धमा प्रजातन्त्र शब्द र प्रयोगको दुरुपयोग गरिरहेको छ ? यो त सबै जनताले हेर्ने र समीक्षा गर्ने कुरा हो । नागरिक समाजको पनि कर्तव्य हो कि के प्रजातन्त्रका पक्षमा हो र के विपक्षमा हो भनेर जनतालाई जानकारी गराउने ।

प्रजातन्त्रमा केही अत्यावश्यक विशेषताहरू अनिवार्य हुनुपर्छ । ती विशेषताहरू हुन्–जनतालाई शासन गर्न जनताबाटै निर्वाचित पदाधिकारीहरू, स्वतन्त्र निष्पक्ष र नियमितरुपमा आवधिक निर्वाचनहरू, अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकारको प्रत्याभूति, सूचनाको हक र सूचनाका जानकारीका लागि वैकल्पिक स्रोतहरू, सङ्घसंस्थाहरू खोल्न पाउने र उनीहरूको निरन्तरताको प्रत्याभूति र सबै नागरिकहरूको समावेशीतामा शासन प्रणालीले दिने विकास र समानताको सामाजिक न्यायको प्रत्याभूति । २००७ सालको जनक्रान्तिले ल्याएको जनचेतनाको प्रतिफल नेपाली जनताले प्रजातन्त्र प्राप्त गरे र त्यसको अगुवाइ नेपाली काँग्रेसले गरेको कुरा नेपालको इतिहासमा अविस्मरणीय घटना बनेकै छ । यसपटकको फागुन ७ गते हामीले नेपालीले स्वतन्त्रताको ७५औं दिवस मनाइरहेका छौं । यी विगतका ७४ वर्षहरू किन र कसरी अस्थिर राजनीतिका समयका रुपमा व्यतीत भए भन्नेकुरा अनुसन्धानकै विषय बनेको पाइन्छ । तर हाम्रो प्रयास चाहिँ स्थिर सरकार होस् र सरकारका प्रयासहरू सदैव जनहितमा मात्र केन्द्रित होउन् भन्नेमा नै केन्द्रित रहनुपर्छ ।

प्रजातन्त्रका लागि लड्नेहरूले प्रजातन्त्रको एउटा विश्वव्यापी खाकाको सैद्धान्तिक धारणालाई आत्मसात् गरेका हुन्छन् र एउटा प्रजातान्त्रिक सीमाको धर्को कोरेका हुन्छन् । त्यो धर्को भनेको प्रजातन्त्रको खुला सीमा हो, जसको एउटा अनुशासनलाई त्यसप्रति आस्था हुनेले मान्नैपर्छ, नत्र उ प्रजातन्त्रवादी हुनै सक्दैन । जनताको प्रत्यक्ष सहभागितालाई २००७ सालमा आदर्श मानेर प्रजातन्त्रको स्थापना गरिएको थियो र विभिन्न बहानाबाजीमा राजाहरूले २०१५ सालमा मात्र जननिर्वाचित संस्थाको व्यवस्था गरेका थिए । प्रजातन्त्रले त्यही बेलादेखि नै अभ्यासबाट टाढा बस्न बाध्य हुनुपरेको थियो । २०१७ पुस १ गतेको प्रजातन्त्रको घाँटी निमोठ्ने र संसद भङ्ग गरी जननिर्वाचित सरकार विघटन गर्ने आततायी घटना र त्यसपछिका ३० वर्षको निर्दलीयताको कुरै नगरौं ।

बिपी कोइरालाले स्वेच्छिक निर्वासन त्यागेर २०३३ पुस १६ गते नेपाल प्रवेश गरेपछि एउटा नयाँ चेतनाले नेपालमा प्रजातन्त्रका पक्षमा एउटा चेतनाको दियो बाल्ने काम गऱ्यो तर त्यसबेलासम्ममा प्रजातन्त्र विरोधीहरूको नयाँ भूइँफुट्टा समूह तयार गरिसकेको थियो, जसले राजालाई प्रजातन्त्रप्रतिको मोहभन्दा उनीहरूको सहयोगमा निर्दलीय व्यवस्थाको दीर्घकालीन अभ्यासका लागि प्रेरित गरेको थियो । त्यसैको फलस्वरुप २०३६ सालको बहुदल या निर्दलीय पञ्चायत भन्ने विकल्पको जनमत सङ्ग्रहमा जनमत सङ्ग्रह धोका हो भन्दै पञ्चायतको पक्षमा मत हाल्नेहरूको दबदबा बढ्यो । तर जनताको चाहना र प्रजातन्त्रको बाटो विपरीत तीन दशकमै नराम्ररी मक्किसकेको थियो । अन्ततः राजाका असल हिमायती हौं भन्नेहरूले न त पञ्चायत जोगाउन सके, न त राजतन्त्र नै जोगाउन सके ।

वास्तवमा प्रजातन्त्रका विरुद्धमा लाग्नेहरू, प्रजातन्त्रको नाममै भए पनि, ती सबै बडारिने रहेछन् भन्ने कुरा सोभियत सङ्घको पतनले मात्र प्रमाणित गरेको होइन कि हिटलरको समूल पतनले समेत प्रमाणित गरेकै हो । त्यसैले अन्ततः प्रजातान्त्रिक शासन व्यवस्था नै उपयुक्त हुने रहेछ भन्ने संसारभर नै नयाँ चेतना आएको छ, जसको प्रत्यक्ष प्रभाव नेपालमा परेकै छ र कतिपय घटनामा नेपालको शान्तिपूर्ण सत्ता हस्तान्तरणले नजिरको काम समेत गरेको छ । अहिले नेपालमा तेस्रो पुस्ताको प्रजातन्त्रको शासन चलेको छ । पहिलो पुस्ताको शासन २०१६ जेठदेखि २०१७ पुस १ गतेसम्म, दोस्रो पुस्ताको प्रजातन्त्र २०४७ वैशाख ६ गतेदेखि २०५९ असोज १९ सम्म र तेस्रो पुस्ताको प्रजातन्त्र २०६३ वैसाख ११ देखि आजसम्मको हो । मुलुक समाजवादोन्मुख छ र समाजका पक्षमा शासन प्रणाली हुन आवश्यक छ । निश्चित आयस्रोतको अवस्था र भएको प्राकृतिक स्रोतको सदुपयोग गर्ने काममा तदारुकता आवश्यक देखिन्छ । प्रजातन्त्र शासन प्रणालीको मात्र नाम होइन, यो त एउटा संस्कार हो, जसले मानवीय गुणहरूको व्यक्तिगत तथा सामूहिक रुपमा सम्मान गर्छ ।

प्रजातन्त्र दिवसका उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शुभकामना र प्रजातन्त्रको रक्षाका लागि सदैव सजग रहन सावधान हुनुपर्ने सतर्कता आवश्यक रहेको अनुरोध गर्दै ज्ञातअज्ञात सहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्नु सामयिक हुनेछ । प्रजातन्त्रको विकल्प प्रजातन्त्र मात्र हो भन्ने विश्वव्यापी सत्यलाई आत्मसात् गर्नका लागि मुखले मात्र प्रजातन्त्रको कुरा गर्ने तर सदैव प्रजातन्त्रका विरुद्धमा मात्र तानाबाना बुन्नेहरूलाई चुनौती दिन पनि प्रजातन्त्र दिवसले प्रेरणा प्रदान गरोस् ।

# राससको अबको बाटो



श्रीरामसिंह बस्नेत

समयले धेरै नेटो काटिसकेको छ । राजनीतिक, आर्थिक, सामाजिक, वैचारिक, प्राविधिकलगायत हरेक क्षेत्रमा परिवर्तनको लहर चलिरहेको छ । आज हरेक क्षेत्र ठूला अवसर र चुनौतीको दोसाँधमा उभिएका छन् । सिङ्गै पत्रकारिता क्षेत्रमा परिवर्तनको प्रभाव टड्कारो देखिएको छभने समाचार समिति पत्रकारिता (एजेन्सी जर्नालिज्म)मात्र यसबाट अलग रहन नसक्नु स्वाभाविकै हो । हरेक युगमा परिवर्तन अवश्यम्भावी नै हुन्छ । प्रश्न त्यसलाई कसरी लिने र सदुपयोग गर्ने भन्नेमात्र हो । यस परिप्रेक्ष्यमा समाचार समिति पत्रकारिता र नेपालको सन्दर्भमा राष्ट्रिय समाचार समिति (रासस)को आगामी बाटोबारे गम्भीरतापूर्वक घोत्लिनु समयको माग हो ।

छ दशकभन्दा लामो अवधिदेखि अनवरत क्रियाशील रासस आफैंमा एउटा राष्ट्रिय धरोहर हो । तर यही गौरवमा मात्र रमाएर आउँदा दिनहरूप्रति निश्चिन्त रहने सुविधा वा छुट राससलाई छैन र हुनु पनि हुँदैन । त्यसैले अवसर र चुनौतीको सँघारमा उभिएर हरेक चुनौतीहरूलाई अवसरमा परिणत गर्न सक्ने क्षमताको विकास गर्नु नै राससको आजको मूल दायित्व हो । त्यसका लागि राससले केही महत्त्वपूर्ण काम फत्य गर्नुपर्ने हुन्छ ।

### आफ्नो मूलधर्मको रक्षा

कुनै पनि समाचार माध्यमको मूलधर्म सत्यतथ्यको निष्पक्ष प्रस्तुति हो । झन् त्यसमा पनि सबै समाचार माध्यमका लागि समाचारको मुख्य मुहानको रुपमा रहेको समाचार एजेन्सीका लागि त सत्यतथ्य धर्ममात्र नभई प्राण नै हो । आजको पत्रकारिता विश्वसनीयताको खडेरीबाट ग्रस्त हुँदै गएको छ । डिजिटल मिडिया, सोसियल मिडिया छिटो सन्देश सम्प्रेषण गर्ने होडबाजीमा निकै तीव्र देखिए पनि विश्वसनीयताको सवालमा भने खरो उत्रिन सकेका छैनन् । यो अवस्थामा समाचार एजेन्सीहरूलाई अन्य मिडियालाई जस्तो तीव्र सन्देश सम्प्रेषण गर्ने नाममा सत्यतथ्यबाट टाढा रहेका विषय पनि आम जनमानसमा पस्कने छुट छैन । त्यसैले राससले पनि सत्यतथ्यमात्र निष्पक्ष रूपमा सम्प्रेषण गर्ने आफ्नो मूलधर्मको रक्षा जसरी पनि गर्नुपर्छ, चाहे त्यसका लागि जस्तोसुकै मूल्य चुकाउनु किन नपरोस् । रासस यो मूलधर्म निर्वाह गर्नमा चुक्यो भने अरु खुद्रा काममा जति राम्रो देखिए पनि त्यसको खासै अर्थ रहँदैन । यद्यपि, सत्यतथ्य र निष्पक्षताको यो मूलधर्म निर्वाह गर्न सहज भने छैन । यसका लागि संस्थाको नेतृत्व तहदेखि स्थलगत तहसम्म उच्च नैतिक मनोबल र व्यावसायिक दक्षता अपरिहार्य हुन्छ ।

### राससको रणनीतिक योजना

राससले छ दशकदेखि सँगालेको अनुभव, वर्तमान अवस्था र भविष्यको आवश्यकताको गहन विश्लेषण गरी एउटा विस्तृत रणनीतिक योजना (स्ट्राटेजिक प्लान) बनाउनु जरुरी छ । यसमा आगामी २० वर्षमा (अर्थात् २१०० सालसम्ममा) रासस कुन अवस्था र स्तरमा पुग्ने र कसरी पुग्ने भन्ने स्पष्ट लक्ष्य निर्धारण गरिएको हुनुपर्छ । यो २० वर्षलाई विभिन्न चरणमा विभाजन गरी प्रत्येक चरणमा के के गर्ने भनेर रणनीतिक योजनालाई कार्यान्वयन गर्न स्पष्ट कार्ययोजना (एक्सन प्लान) समेत बनाउनु पर्दछ । यसका लागि रासस परिवारका प्रत्येक सदस्य, राससका सेवाग्राही, सम्बन्धित पक्ष, शुभेच्छुक र दूरदृष्टि भएका विशेषज्ञ र अनुभवी विज्ञहरूसँग व्यापक अन्तरक्रिया गर्नुपर्दछ । ती सबै प्रक्रियाबाट प्राप्त निष्कर्षको आधारमा रणनीतिक योजना र कार्ययोजना तयार गरिनुपर्दछ । सरकार वा रासस व्यवस्थापनामा जस्तो परिवर्तन आए पनि रणनीतिक र कार्ययोजनाले निरन्तरता पाउने सुनिश्चित हुनैपर्छ ।

### समयको मागअनुसार क्षमता विकास र विस्तार

सूचना तथा सञ्चार प्रविधिमा आएको अकल्पनीय परिवर्तन र विकासलाई आत्मसात् गरी राससले आफूलाई त्यस अनुकूल बनाउन हरदम चनाखो र सक्रिय रहनु पर्दछ । उदाहरणको रुपमा अहिले संसारभरि नै कृत्रिम बौद्धिकता (आर्टीफिसियल इन्टेलिजेन्स-एआई) अवसर र चुनौतीको रुपमा आएको छ । यसलाई राससले कसरी सदुपयोग गर्ने ? प्रश्न एआईको मात्र हैन, आउँदा दिनहरूमा झन् नयाँनयाँ अवसर र चुनौतीद्वारा रासस अवश्य घेरिनेछ । त्यसलाई सामना गरेर अघि बढ्न राससले अहिलेदेखि नै आफ्नो हरेक क्षमता विकास गर्न सक्षम हुनु अपरिहार्य छ ।

### दक्ष जनशक्तिको विकास र सही परिचालन

कुनै पनि संस्थाको सफलता र दिगोपन त्यसमा कार्यरत जनशक्तिको दक्षता र इमान्दारीमा भर पर्दछ । 'एकपटक सेवा प्रवेश परीक्षा उत्तीर्ण गरी नियुक्ति पाएपछि सधैंको लागि पुग्छ' भन्ने सोच हाम्रो देशमा व्याप्त रहेको पाइन्छ । यस्तो सोचबाट राससको मानव संशाधन संयन्त्रमात्र मुक्त छैन । तसर्थ, सम्बन्धित व्यक्ति आफैं पनि र संस्था समेतले आफ्ना जनशक्तिलाई दक्ष बनाउन सधैं उच्च प्राथमिकता दिनुपर्छ । यसका लागि समय समयमा सान्दर्भिक तालिमहरू आयोजना गर्नु अत्यावश्यक हुन्छ ।

राससको भरतपुर कार्यालयमा बनिरहेको नयाँ भवनलाई तालिम केन्द्रको रूपमा विकसित गर्ने राससको योजना उत्साहजनक छ । यसलाई राससको आन्तरिक तालिममा मात्र सीमित नराखी पत्रकारिता र आमसञ्चारका लागि राष्ट्रिय तालिम केन्द्रकै रूपमा विकसित गर्न सकिन्छ, जसले गर्दा राससको भूमिका र योगदान वृद्धि हुन जान्छ । दक्ष जनशक्तिलाई सही रूपमा परिचालन गर्नु पनि त्यत्तिकै जरुरी छ । राज्यको लगानीबाट राससले तयार गरेका जनशक्ति अन्यत्र परिचालन गर्नु/गराउनु संस्थाको हितअनुकूल हुँदैन । यसबाट सम्बन्धित व्यक्तिलाई क्षणिक लाभ भएको जस्तो देखिए पनि यथार्थमा संस्था र व्यक्ति दुवैलाई कुनै उल्लेख्य लाभ पुग्न सक्दैन, बरु हानि हुनसक्छ ।

### कार्यशैली र कार्यकुलताप्रतिको सजगता

विश्वव्यापी महामारी कोभिडका कारण संसारभरिकै कार्यालयहरूमा काम गर्ने शैलीमा बाध्यतावश परिवर्तन गरियो । अर्थात् सङ्क्रमणबाट जोगिन कार्यालय नगई घरबाटै पनि कम्प्युटर प्रविधिको माध्यमबाट काम गर्न सकिने भयो । कोभिडको सन्त्रास कायम रहेसम्म त यो स्वाभाविकै थियो । तर त्यो सन्त्रास हटिसकेपछि पनि कार्यालय नगई घर वा अन्यत्रबाट काम गर्ने परिपाटी हटेन । यसले विश्वकै कार्यशैलीमा परिवर्तन मात्र ल्याएन, जनशक्तिलाई अल्छी र काममा एकाग्र नहुने बानी बसालिदियो । त्यसको नकारात्मक प्रभाव अहिले धेरै क्षेत्रमा देखिन थालेको छ र त्यसमा मिडिया पनि एक प्रमुख हो ।

अर्कोतर्फ अनलाइन प्रविधिबाट समाचार सम्प्रेषण गर्ने सुविधा प्राप्त भएपछि त्यसको दुरुपयोग भएर एउटा मिडियाको समाचारदाताले तयार पारेका समाचार नै विभिन्न समाचारदाताहरूबीच 'सेयर' गर्ने तर स्थलगत रिपोर्टिङमा समाचारदाताहरू नपुगीकनै समाचार सम्प्रेषण गर्ने चलन व्यापक भएको पाइन्छ । यसले गर्दा मिडियाको विश्वसनीयता र छविमा प्रतिकूल असर परिरहेको छ । यो समस्याबाट रासस मात्र जोगिएको छैन । यसमा विशेषतः प्रत्येक मिडियाका नेतृत्वदायी जिम्मेवार पदाधिकारीहरूले नै यो प्रवृत्तिलाई निरुत्साहित गर्न सक्दछन् । रासस त समाचारको स्रोत नै भएकाले यसका समाचारदाताहरू स्थलगत रिपोर्टिङमा सक्रिय हुनैपर्छ । राससले पनि अरु मिडियाका समाचारदाताहरूका समाचार 'सेयर' गरेर राससको बुलेटिन भर्न थाल्यो भने त्यो ठूलो विडम्बना हुन जान्छ ।

### स्वतः सक्रिय पत्रकारिताको खाँचो

राससले आफूलाई औपचारिक, प्रक्रियागत र भनाइमुखी ( हि सेड जर्नालिज्म) समाचारमा मात्र सीमित नराखी अनौपचारिक र आम जनमानससँग प्रत्यक्ष सरोकार भएका विविध विषय र क्षेत्रका समाचारहरू स्वतः सक्रिय पत्रकारिता (प्रो-एक्टिभ जर्नालिज्म)को मान्यताअनुसार स्थलगत रिपोर्टिङ नै गरेर उजागर गर्नु जरुरी छ । यसो गर्न सकिएमा लुकेर वा लुकाएर, दबेर वा दबाएर राखिएका कैयौं महत्त्वपूर्ण विषयहरू सतहमा आउने छन् । यसले देश र जनताकै हित हुने छभने राससको छविमा पनि सकारात्मक प्रभाव पर्न जानेछ । यसका लागि राससले देशभर छरिएर रहेका आफ्ना जनशक्तिलाई पूर्ण रूपमा परिचालन गर्न सक्नु पर्दछ ।

राससबाट नेपालीका अतिरिक्त अङ्ग्रेजी, अवधी, नेवारी र मैथली भाषामा पनि समाचार बुलेटिन प्रकाशित भइरहेकामा ती बुलेटिनहरू नेपालीबाट अनुदित समाचारहरूमा मात्र सीमित नरही सम्बन्धित भाषामा स्वतन्त्र समाचार सम्प्रेषण गर्ने परिपाटी हुनु आवश्यक छ । यसका लागि सम्बन्धित भाषाको बुलेटिनमा कार्यरत जनशक्तिलाई प्रोत्साहित गर्न सकिन्छ ।

### भौतिक सम्पत्तिको संरक्षण, संवर्द्धन र सदुपयोग

राससको महत्व र आवश्यकतालाई दृष्टिगत गरी विगतमै देशका विभिन्न स्थानमा तत्कालीन सरकार, स्थानीय निकाय एवं समुदायको पहलमा राससलाई अमूल्य जग्गा प्राप्त भएको छभने धेरैजसो जग्गामा राससको आफ्नो भवन पनि छ । यस हिसाबले भौतिक सम्पत्तिको सन्दर्भमा राससलाई सम्पन्न मान्नुपर्दछ । तर ती जग्गा र भवनको समुचित संरक्षण, संवर्द्धन र सदुपयोग गर्न अझ धेरै काम गर्न बाँकी छ । चरणबद्ध रूपमा क्रमैसँग ती भौतिक सम्पत्तिको संरक्षण र सदुपयोग गर्नु अत्यन्त जरुरी छ । यसबाट राससको देशव्यापी सञ्जाल फैलाउन सहज हुनेछ ।

### आत्मनिर्भरतातर्फ उन्मुख आर्थिक व्यवस्थापनको खाँचो

स्थापना भएदेखि अहिलेसम्म रासस मुलतः राज्यद्वारा प्रदान गरिएको अनुदानमा निर्भर रहेको छ । विश्वका कतिपय समाचार एजेन्सीहरूको पनि विगतको यथार्थ त्यस्तै नै रहेको पाइन्छ । तर उनीहरूले राज्यको अनुदानप्रतिको निर्भरता क्रमशः घटाउँदै आत्मनिर्भर बन्ने नीति अख्तियार गरे र त्यसमा सफल पनि भए । तर राससले सरकारी अनुदानबिना पनि कसरी आफ्नो अस्तित्वलाई कायम राख्न सकिन्छ भन्नेतर्फ सोचेको छैन । एकै पटक सम्भव नभए पनि सरकारमाथिको परनिर्भरता क्रमशः घटाउँदै लान राससले ठोस योजना बनाएर कार्यान्वयन गर्नु अति जरुरी छ । यसका लागि राससले सेवा र गतिविधि विविधीकरण गरी आफ्नो आर्जन क्रमशः वृद्धि गर्दै लानु आवश्यक छ ।

राससको प्रतिष्पर्धा अरु मिडियासँग हुन सक्दैन । किनकि समाचार सम्प्रेषणका लागि निश्चित समय कुर्नुपर्ने चरणबाट रासस अब धेरै अघि बढिसकेको छ । तसर्थ, राससको प्रतिष्पर्धा अरुसँग हैन, आफैंसँग हो । अर्थात् विगतको भन्दा गुणात्मक र सङ्ख्यात्मक दुवै हिसाबले अब्बल समाचार, आलेख, फोटो, अडियो आदि सम्प्रेषण गर्दै अघि बढ्नु राससका लागि अपरिहार्य छ ।

*(वरिष्ठ पत्रकार बस्नेत राससका पूर्वमहाप्रबन्धक हुनुहुन्छ)*



# प्रजातन्त्र दिवस जनताको दिवस हो : प्रथम राष्ट्रपति डा यादव



काठमाण्डु । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले अहिले नेपाली जनताले उपभोग गरिरहेका सबै अधिकार प्राप्तिको जग २००७ सालको क्रान्तिको देन भएको बताउनुभएको छ।

राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा राससर्सँग कुराकानी गर्दै नेपालको राजनीतिक इतिहासमा फागुन ७ महत्वपूर्ण भएकाले सबै नेपालीले गौरवपूर्ण ढङ्गबाट यो दिवस मनाउन आह्वान गर्नुभयो।

पूर्वराष्ट्रपति यादवले भन्नुभयो, "यो जनताको दिवस हो। जनताका अधिकार प्राप्तिका सन्दर्भमा कोसेढुङ्गाका रुपमा यो दिनलाई लिनुपर्छ। २००७ को परिवर्तन जुन ढङ्गबाट भयो जनताको अधिकार प्राप्तिको लडाइँबाट जनता स्वतन्त्रता भएको दिन हो, आज।"

फागुन ७ गतेले दै लोकतान्त्रिक राजनीतिक स्थापना गर्न मार्ग निर्देश गरेको बताउँदै उहाँले मुलुकमा धेरै उतारचढाव हुँदै विसं २०४६ र २०६२/०६३ को जनआन्दोलनमार्फत सामन्ती संस्थाको निर्मूल र नष्ट गरी अघि बढ्न सम्भव भएको धारणा राख्नुभयो।

पूर्वराष्ट्रपति डा यादवले भन्नुभयो, "अहिले मुलुकले सभ्य समाज उपभोग गरिरहेको छ, त्यसको मूल जरो भनेको २००७ साल हो। जुन मुलुकको राजनीतिक इतिहासमा त्यति ठूलो योगदान कहिलै भएको थिएन। त्यो धेरै ठूलो परिवर्तन थियो।" मुलुक सङ्घीयता, गणतन्त्र, समावेशी, समानुपातिक, धर्मनिरपेक्षसहित लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा रहेको बताउँदै उहाँले त्यो प्राप्तिको मुख्य जग भनेको नै २००७ को राजनीतिक परिवर्तन भएको टिप्पणी गर्नुभयो।

प्राप्त उपलब्धि र विविधताको रक्षा र एकीकरण गर्दै लैजानु पर्ने आजको आवश्यकता भएको बताउँदै पूर्वराष्ट्रपति डा यादवले सबैका राजनीतिक, आर्थिक, सामाजिक र धार्मिक अधिकार तथा न्यायमा पहुँच स्थापित गरी जनताको आशालाई व्यवस्थित तुल्याउन सुझाव दिनुभयो।रासस

# असमानता, गरिबी र भ्रष्टाचारलाई चिरेर सरकार अघि बढ्छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार लोकतन्त्रलाई पारदर्शी र अझ जवाफदेही बनाउँदै समाजमा व्याप्त असमानता, गरिबी र भ्रष्टाचारको चुनौतीलाई चिरेर अघि बढ्ने बताउनुभएको छ । राष्ट्रिय प्रजातन्त्र दिवस-२०८१ का अवसरमा बुधबार सैनिक मञ्च टुँडिखेलमा आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले युवाहरुलाई सशक्त बनाएर नै मुलुकलाई समृद्धितर्फ लैजाने सरकारको नीति रहेको स्पष्ट पार्नुभयो।



"लोकतन्त्रको उज्यालोकै कारण आज डिजिटल माध्यमबाट नागरिकलाई शीघ्र सार्वजनिक सेवाको थालनी गर्न सकेका हौँ, जसले सरकारी सेवालाई झन्झटरहित र पारदर्शी बनाउन सुरु गरेको छ", प्रधानमन्त्रीले भन्नुभयो, "सन् २०३० भित्र दिगो विकासका लक्ष्य हासिल गर्ने अभियानमा हामी हाम्रा हरेक क्षण, सम्भावना र सामर्थ्यको सदुपयोग गरिरहेका छौँ । यसबाटै हामी 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सफल हुनेछौँ।"

प्रधानमन्त्री ओलीले सन् २०२६ सम्ममा नेपाललाई अतिकम विकसित मुलुकको हैसियतबाट स्तरोन्नति गर्ने र त्यसको दिगो व्यवस्थापनका लागि आर्थिक सूचकहरुको बढोत्तरी गर्ने आधार पनि लोकतन्त्र नै भएको बताउनभुयो । लोकतन्त्रको खुला मैदानमा नै जनताको जीवनमा प्रगति भएको जनाउँदै उहाँले बढ्दो जनआकाङ्क्षा र चुनौतीबीच, राज्यको संस्थागत र सामर्थ्यबीच लय मिलाएर सङ्गतिपूर्ण ढङ्गले अगाडि बढिरहेको बताउनुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "हाम्रो युवा पुस्ता देशको भविष्य हो । उनीहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी र उद्यमको अवसर उपलब्ध गराउन र स्टार्टअपमार्फत उद्यमशीलताको थालनी गरिएको छ ।" उहाँले मुलुकको सुशासन, विकास, समृद्धि र जनताको सुखको सुनिश्चितताको लागि प्रभावकारी शासन प्रणाली र सुव्यवस्थाको राष्ट्रिय आकांक्षा पूरा गर्ने अभियानमा एकजुट भई योगदान गर्न सम्पूर्णमा आह्वान गर्नुभएको छ।

'राष्ट्रको समृद्धि र जनताको सुख'लाई आफूले 'परिपूर्ण लोकतन्त्र' भन्दै आएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले प्रजातन्त्रले 'सङ्गठन र अभिव्यक्तिको स्वतन्त्रता'को मात्र वकालत गरेको अवस्थामा परिपूर्ण लोकतन्त्रले सबैलाई 'अधिकार र अवसर, समानता र सामाजिक न्याय, सुरक्षा र सम्मान'मा समान पहुँचको पैरवी गरेको बताउनुभयो । उहाँले सरकार समग्र विकासमार्फत व्यक्तिको मानवीय र जैविक न्यायोचित आवश्यकताको सहज परिपूर्ति गर्ने दिशातर्फ इमान्दारीपूर्वक हिँडिरहेको बताउनुभयो।

> "राष्ट्को समृद्धि र जनताको सुख"लाई आफूले "परिपूर्ण लोकतन्त्र" भन्दै आएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले प्रजातन्त्रले "सङ्गठन र अभिव्यक्तिको स्वतन्त्रता"को मात्र वकालत गरेको अवस्थामा परिपूर्ण लोकतन्त्रले सबैलाई "अधिकार र अवसर, समानता र सामाजिक न्याय, सुरक्षा र सम्मान"मा समान पहुँचको पैरवी गरेको बताउनुभयो । उहाँले सरकार समग्र विकासमार्फत व्यक्तिको मानवीय र जैविक न्यायोचित आवश्यकताको सहज परिपूर्ति गर्ने दिशातर्फ इमान्दारीपूर्वक हिँडिरहेको बताउनुभयो ।

फागुन ७ ले मुलुकलाई सबै हिसाबले स्वतन्त्र र सार्वभौम बनाउने दृढ सङ्घर्ष अघि बढाएको जनाउँदै प्रधानमन्त्री ओलीले भविष्यका रुपमा उदाउँदै गरेका भोलिको पुस्ताले आजको दिनलाई बिर्सनै नमिल्ने बताउनुभयो । "प्रजातन्त्रको उज्यालोमा हुर्किएको, अत्याधुनिक सूचना प्रविधिमार्फत अनलाइन सेवा लिने बानी परिसकेको आजको पुस्ताका लागि हिजोको शासनको त्यो क्रूरता- अनुभव होइन, कथा मात्र हो", उहाँले भन्नुभयो, "पुस्तान्तरको समयचापले कहिलेकाहीँ न्यानो दिनमा रहेका बेला समाजले त्यस कालरात्रीको क्रूरतम् स्मृतिलाई गुमाउन पुग्छ र भन्छ- 'प्रजातन्त्रले के गरेको छ ?, त्यसले त अझै राणाकालका दरवारहरुबाट निर्वाह गरिरहेको छ'।"

जहानियाँ शासकले आफ्ना सन्तानका लागि दरबार बनाएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले प्रजातन्त्रले जनताका लागि सडक, पुल, कुलो, बिजुली, व्यावसायिक व्यापार केन्द्र, अस्पताल र विद्यालय बनाएको बताउनुभयो। "निरङ्कुश शासनले आफ्नो अभिजातीय विलासका लागि बनाएका संरचना र लोकतन्त्रले नागरिकको जीवनमा परिवर्तन ल्याउन बनाएका संरचनाको तुलना वस्तुगत र तथ्यगत हुन सक्छ र ?", उहाँले भन्नुभयो, "यसलाई आजको पुस्ताले असान्दर्भिक तुलनाबाट होइन, विवेकको तराजुमा राखेर तौलनु पर्दछ।"

फागुन ७ गतेले सम्पूर्ण नेपालीलाई इतिहासप्रति गौरव गर्न, वर्तमानमा क्रियाशीलले जिम्मेवारी निर्वाह गर्न र भविष्यप्रतिको उत्तरदायित्वलाई सामाजिक सम्पत्तिका रुपमा पुँजीकृत गर्न अभिप्रेरित गरिरहने प्रधानमन्त्रीको भनाइ छ।

"आजको दिन प्रजातन्त्र स्थापनाको सङ्घर्षपूर्ण इतिहासलाई स्मरण गर्दै त्यस सङ्घर्षमार्फत जनताले चाहेको राष्ट्रको समृद्धि र जनताको सुख प्राप्तिको आकांक्षा साकार पार्न सङ्कल्प गर्ने दिन पनि हो", उहाँले भन्नुभयो । प्रधानमन्त्रीले नेपालको लोकतान्त्रिक आन्दोलनमा अमूल्य जीवन बलिदान गर्ने सम्पूर्ण सहिदप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुभएको छ।रासस

# जनताको अवस्था बदल्न एकताबद्ध प्रयास गरौँ : अध्यक्ष दाहाल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बदलिएको राजनीतिक व्यवस्थाअनुरूप जनताको अवस्था बदल्न सबै एकताबद्ध भएर अगाडि बढ्नु आजको आवश्यकता भएको बताउनुभएको छ।

राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा बुधबार शुभकामना दिँदै उहाँले जनताको सङ्घर्षको बलमा प्राप्त उपलब्धिको रक्षा गर्दै संविधानको कार्यान्वयनमार्फत समाजवादोन्मुख राज्यको आधारशीला खडा गर्नु राष्ट्रिय कार्यभार भएको बताउनुभएको छ।

"नेपाली जनताको बलिदानको जगमा स्थापित प्रजातन्त्रले आफूलाई परिस्कृत र परिमार्जन गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको गौरवपूर्ण परिस्थितिसम्म आइपुगेको छ", अध्यक्ष दाहालले भन्नुभएको छ, "यी उपलब्धिका निम्ति २००७ सालको आन्दोलन, २०४६ सालको आन्दोलन, जनयुद्ध, २०६२/६३ को ऐतिहासिक जनआन्दोलनलगायत उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायका न्यायपूर्ण आन्दोलनको निर्णायक भूमिका छ।"

पूर्वप्रधानमन्त्री दाहालले सुशासन, सामाजिक न्याय र समृद्धिको मूल एजेण्डामार्फत बदलिएको प्रजातन्त्र दिवसले देशका चुनौती छिचोल्दै नवीनतम् सम्भावना प्राप्त गर्न सबैलाई प्रेरणा प्रदान गरोस् भनी कामना गर्नुभएको छ । उहाँले प्रजातन्त्र स्थापनाका निम्ति जीवनको अमूल्य बलिदान गर्ने सहिदप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै प्रजातान्त्रिक आन्दोलनका सम्पूर्ण योद्धाप्रति उच्च सम्मान व्यक्त गर्नुभएको छ।रासस

# ओडिसा घटनाबारे परराष्ट्रमन्त्रीद्वारा भारतीय मन्त्रीसँग कुराकानी



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भारतको ओडिसास्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयको होस्टेलमा नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्यु र त्यसपछि विकसित परिस्थितिका विषयमा आन ओडिसाका उच्च शिक्षामन्त्री सूर्यवंशी सुरजसँग टेलिफोन संवाद गर्नुभएको छ।

टेलिफोन संवादका क्रममा मन्त्री राणाले सुरजसँग लम्सालको मृत्युको निष्पक्ष अनुसन्धान र दोषीमाथि कानुनी कारबाहीका साथै त्यहाँका नेपाली विद्यार्थीलाई कलेजमा सुरक्षित वातावरणसहित पठनपाठनको व्यवस्थाका लागि आग्रह गर्नुभएको परराष्ट्र मन्त्रीको सचिवालयले जनाएको छ।

सो फोनवार्तामा भारतीय मन्त्री सुरजले उक्त घटनालाई ओडीसा राज्यले गम्भीर रुपमा लिएको र प्रकृतिलाई न्याय र दोषीमाथि कारबाहीका लागि उच्चस्तरीय छानविन समिति गठन गरिएको जानकारी गराउनुभएको थियो। साथै उहाँले त्यहाँस्थित नेपाली विद्यार्थी र अभिभावकलाई आवश्यक परामर्शका लागि अलग्गै 'हटलाइन'को व्यवस्था गरिएको र घर गएका नेपाली विद्यार्थीलाई होस्टलमा फर्काएर पठनपाठनको व्यवस्था मिलाइने जानकारी मन्त्री डा देउवालाई गराउनुभएको थियो।

त्यसैगरी मन्त्री सुरजले कलेजमा नेपाली विद्यार्थीमाथि दुर्व्यवहार गर्ने कर्मचारीलाई बर्खास्त गरी कानुनी कारबाही अघि बढाइएको र नेपाली विद्यार्थीलाई सुरक्षित रुपमा छात्रावासमा रहेर पठनपाठन गर्न सक्ने सुरक्षा प्रबन्ध गरिएको जानकारी पनि दिनुभएको थियो। कुराकानीका क्रममा मन्त्री सुरजले भारत र नेपालको सम्बन्ध विशिष्ट रहेको र यो सम्बन्धलाई आगामी दिनमा थप सुमधुर बनाउँदै लगिने बताउनुभएको थियो। सो घटनाका सन्दर्भमा परराष्ट्र मन्त्रालय र नेपाली राजदूतावास नयाँदिल्लीले विश्वविद्यालय प्रशासन र भारतीय सुरक्षा अधिकारीको सम्पर्कमा रहेर आवश्यक समन्वयका साथ काम गरिरहेको जनाइएको छ।

मङ्गलबारमात्र नेपाली विद्यार्थीलाई कलेजमा सुरक्षाको वातावरण मिलाउने सन्दर्भमा नेपाली राजदूताबास नयाँदिल्लीबाट कूटनीतिक कर्मचारी त्यहाँ पुगेका थिए भने भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्माले कलेज प्रशासनसँग कुराकानी गर्नुभएको थियो।रासस


## भूमि सुधार तथा मालपोत कार्यालय, गौर रौतहट

## नामसारीको हकदाबीबारे ३५ दिने सर्वजनिक सुचना

विदेश भारत बिहार पुर्वी चम्पारण ग्राम पंचायत तेलहाराकाला अन्तरगत ग्राम हिरापुरमा बस्ने स्व. बृज चौधरी भन्ने बृज किशोर चौधरीको नाति स्व.रामानुज शर्माको छोराहरु शैलेन्द्र कुमार शर्मा,डा. त्रिलोकी शर्मा र पुरुषोत्तम कुमार शर्मा समेतले रौतहट जिल्ला अदालत गौरको ०७१-CG-०२४३ र मुद्धा नं. ०७१-CP-०४३ मिति २०७४।०९।२४ को फैसला साथै रौ.जि.अ.गौरको चलानी न ३१५३ मिति २०८०।५।२५ दा.खा.जनाउ बमोजिम तपशिलमा उल्लेखित हक कायम गरी दा.खा.गरी पाउँ भनी द.न. ४६०४ मिति २०८१।०९।०४ र ग्राम पंचायत राज तेलहार कला प्रखण्ड ढाका पुर्वी चम्पारण विहारको पत्रांक ४५दिनांक २१।०६।२४ को सिफारिस समेतले शैलेन्द्र कुमार शर्मा, डा. त्रिलोकी शर्मा र पुरुषोत्तम कुमार शर्मा नाउँमा हक कायम गरी दा.खा. नामसारी गरीदिने भनी सिफारिस भई आएकोमा यस कार्यालयको मिति २०८१।११।६ आदेशानुसार निज जग्गाधनी उपेन्द्र राय यादवको पत्नी, छोरा, छोरी वा अन्य हकदार,अंसियार भएको भए/नभएको तथा नामसारी हुनु पर्ने/नपर्ने बारे यो सर्वजनिक सुचना प्रकाशित गरिएको छ। निवेदकहरुको नाममा नामसारी हुनु वा अन्य कोई हकदार भए स-प्रमाण सहित यो सुचना प्रकाशित भएको ३५ दिन भित्र यस कार्यालयमा आफु वा रीतपुर्वकको वारिस मार्फत प्रतिवाद गर्ने आउनु हो, अन्यथा सोही बमोजिम नामसारी भई जाने छ।

| जिल्ला | गाविस | वार्ड न. | कि. न. | जग्गा विवरण | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | औरैया | ५ | ४५४ | १-१-१० | नाम : उपेन्द्र राय यादब ठेगाना : इनवारी वार्ड न.१ बुवाको भिखारी राय यादब बाजे पालधारी राय |



## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१।११।०८

यस प्रतिष्ठानको आ.ब.२०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावकारी ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) | कार्यसम्पादन जमानत (Performance Guarantee) |
|---|---|---|---|---|---|
| 1. | 28/09/2081 | MIHS/NCB/Works/2081-82/4.4, The Construction of Pharmacology Lab, Madhesh institute of health Sciences, Janakpurdham Dhanusha | Subodh Nirman Sewa, Hathiyol-5 | 39,80,469.57 | 7,44,000 |
| 2. | 28/09/2081 | MIHS/NCB/Works/2081-82/4.1, The Construction of Physiology Lab, Madhesh institute of health Sciences, Janakpurdham Dhanusha | Subodh Nirman Sewa, Hathiyol-5 | 37,88,834.08 | 8,58,000 |
| 3. | 28/09/2081 | MIHS/NCB/Works/2081-82/4.3, The Construction of Micro Biology Lab, Madhesh institute of health Sciences, Janakpurdham Dhanusha | S. N. Nirman Sewa, Janakpur | 36,04,799.61 | 8,16,000 |
| 4. | 28/09/2081 | MIHS/NCB/Works/2081-82/4.2, The Construction of Bio Chemistry Lab, Madhesh institute of health Sciences, Janakpurdham Dhanusha | Subodh Nirman Sewa, Hathiyol-5 | 42,11,465.91 | 6,30,000 |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)

# मस्कको भूमिका प्रमुख कार्यान्वयनकर्ताका रूपमा ट्रम्पको व्याख्या

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार राष्ट्रपति कार्यालयमा फर्केपछि जारी गरिएका कार्यकारी आदेशहरूको कार्यान्वयनमा टेक अर्बपति एलन मस्काको उत्साहको प्रशंसा गर्दै उहाँलाई आफ्नो प्रमुख कार्यान्वयनकर्ताका रूपमा चित्रित गर्नुभएको छ।

फक्स न्युजमा प्रसारण गरिएको संयुक्त अन्तर्वार्तामा यी दुई व्यक्तिले एक अर्काको प्रशंसा गर्दै र ट्रम्पले आफ्नो कार्यकारी अधिकारलाई उछिन्दै गएको चिन्तालाई खारेज गर्दै पर्याप्त समय बिताउनुभयो।

ट्रम्पले पछिल्लो तीन हप्तामा दर्जनौँ कार्यकारी निर्देशनमा हस्ताक्षर गर्नुभएको छ। तीमध्ये धेरै संविधान विपरीत हुनसक्ने भनेर अदालतहरूमा चुनौती दिइएको छ। सन् २०२४ को राष्ट्रपतिको चुनावी अभियानमा ट्रम्पका शीर्ष दाता रहेका अर्बपति मस्कलाई सङ्घीय खर्चमा 'फजुल खर्च, धोखाधडी र दुरुपयोग' उन्मूलन गर्ने घोषित लक्ष्यका साथ नवनिर्मित सरकारी दक्षता विभाग (डिओजिई) को नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो।

"डिओजिई टोलीको सबैभन्दा ठूलो कार्य भनेको राष्ट्रपतिको कार्यकारी आदेशहरू वास्तवमा कार्यान्वयन गरिएको सुनिश्चित गर्नु हो", मस्कले फक्स न्युजलाई भन्नुभयो।

अन्तर्वार्तामा ट्रम्पले आफ्ना नीतिहरू - सङ्घीय संस्थाहरूमाथि थोकमा आक्रमण समेत - बिना ढिलाई कार्यान्वयन गरिनुपर्ने कुरामा जोड दिनुभयो र मस्क



मस्कले आफूले अमेरिकी राष्ट्रपति जस्तै व्यवहार गरिरहेको भन्ने आलोचनालाई खारेज गर्नुभयो । उहाँले ट्रम्पको क्याबिनेटका कुनै पनि सदस्य निर्वाचित नभएको र आफूले आफ्नो भूमिकालाई ट्रम्पको एजेण्डालाई सहज बनाउने रूपमा हेर्ने बताउनुभयो ।

तिनलाई अगाडि बढाउनमा महत्त्वपूर्ण रहेको बताउनुभयो।

"तपाईं एउटा कार्यकारी आदेश लेख्नुहुन्छ र तपाईं सोच्नुहुन्छ कि यो सम्पन्न भयो, तपाईंले यसलाई पठाउनुहुन्छ, यो सम्पन्न हुँदैन। यो लागु हुँदैन", ट्रम्पले भन्नुभयो।उहाँका अनुसार मस्क र डिओजिई टोली अब सङ्घीय कर्मचारी तन्त्रभित्र कसैको बाधा बिना उहाँको प्रशासनको एजेण्डा लागू गर्न प्रवर्तन संयन्त्र बनेका छन् - अन्यथा उनीहरूले जागिर गुमाउने जोखिम छ।"र कुनै व्यक्ति जसले शायद यो गर्न चाहँदैनथ्यो, एक्कासि उसले यसमा हस्ताक्षर गर्दैछ", ट्रम्पले भन्नुभयो।

**जनताको इच्छा**

फक्स अन्तर्वार्ता प्रसारण हुनुभन्दा केही घन्टाअघि मात्र ट्रम्पले एक व्यापक कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको थियो। उक्त आदेशले सङ्घीय नियामक निकायहरूमाथि सीधै ह्वाइट हाउसको नियन्त्रण विस्तार र सुदृढीकरण गर्ने प्रयास गरेको थियो।

कानूनी चुनौतीहरूको सामना गर्नसक्ने यस आदेशले सिक्युरिटिज एन्ड एक्सचेन्ज कमिशन (एसइसी) जस्ता एजेन्सीहरूलाई समीक्षाका लागि ह्वाइट हाउसमा नियामक प्रस्तावहरू पेस गर्न बाध्य पार्नेछ।"सङ्घीय सरकार वास्तवमै अमेरिकी जनताप्रति जवाफदेही हुनका लागि व्यापक कार्यकारी शक्ति प्रयोग गर्ने अधिकारीहरूलाई जनताद्वारा निर्वाचित राष्ट्रपतिद्वारा निरीक्षण र नियन्त्रण गरिनुपर्छ", कार्यकारी आदेशमा उल्लेख छ।

ट्रम्पको कार्यकारीको भूमिकामा मस्क हाँस्नुभयो, आफूलाई 'टेक्नोलोजिस्ट' भनेर वर्णन गर्नुभयो र अन्तर्वार्ताका लागि 'टेक सपोर्ट' लेखिएको टी-शर्ट लगाउनुभयो।मस्कले आफूले अमेरिकी राष्ट्रपति जस्तै व्यवहार गरिरहेको भन्ने आलोचनालाई खारेज गर्नुभयो। उहाँले ट्रम्पको क्याबिनेटका कुनै पनि सदस्य निर्वाचित नभएको र आफूले आफ्नो भूमिकालाई ट्रम्पको एजेण्डालाई सहज बनाउने रूपमा हेर्ने बताउनुभयो।

"राष्ट्रपति जनताका निर्वाचित प्रतिनिधि हुन्, त्यसैले यसले जनताको इच्छाको प्रतिनिधित्व गर्दछ", मस्कले व्याख्या गर्दै भन्नुभयो, "र यदि कर्मचारी तन्त्रले जनताको इच्छासँग लडिरहेको छ र राष्ट्रपतिलाई जनताले चाहेको कुरा कार्यान्वयन गर्नबाट रोकिरहेको छ भने हामी लोकतन्त्रमा नभई कर्मचारी तन्त्रमा बाँचिरहेका छौं।"

**राष्ट्रपति एलन ?**

ट्रम्प प्रशासनमा मस्कको प्रमुख भूमिकाले ह्वाइट हाउसमा वास्तवमा कसको नियन्त्रण छ भन्ने सार्वजनिक प्रश्न उठेको छ। यद्यपि रिपब्लिकन राष्ट्रपतिले दुई जनाबीच खराब सम्बन्धको अफवाहलाई तुरुन्तै खारेज गर्नुभयो।"वास्तवमा एलनले मलाई फोन गर्नुभयो", ट्रम्पले भन्नुभयो, "उहाँले भन्नुभयो, 'तपाईंलाई थाहा छ, तिनीहरूले हामीलाई अलग गर्ने प्रयास गरिरहेका छन्।' मैले भनेँ, 'बिल्कुल।'"

तर ट्रम्पले आफू र मस्कबीचको सम्बन्ध बिगार्ने कथित प्रयासहरूबाट अमेरिकीहरू मूर्ख नबन्ने विश्वास व्यक्त गर्नुभयो। "उनीहरू यसमा राम्रो छन् भन्ने मलाई लाग्थ्यो", मिडियालाई उद्धृत गर्दै ट्रम्पले भन्नुभयो, "उनीहरू वास्तवमा यसमा नराम्रो छन्, किनभने यदि तिनीहरू यसमा राम्रो थिए भने, म कहिल्यै राष्ट्रपति हुने थिइनँ, जनता स्मार्ट छन्, उनीहरूले बुझ्छन्।"

# जापानका पूर्व प्रधानमन्त्रीमाथि पाइप बम फ्याँक्ने व्यक्तिलाई सजाय

एएफपी

टोकियो। जापानका पूर्व प्रधानमन्त्री फुमियो किशिदालाई सन् २०२३ मा पाइप बमले मार्ने प्रयास गरेको आरोपमा बुधबार एक व्यक्तिलाई १० वर्षको जेल सजाय सुनाइएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।

चुनाव प्रचारका क्रममा घरेलु विस्फोटक पदार्थले गरिएको आक्रमणमा किशिदालाई कुनै क्षति पुगेन। घटनास्थलबाटै २५ वर्षीय आरोपी र्‍युजी किमुरालाई पक्राउ गरिएको थियो।पश्चिमी जापानमा भएको यो घटना सन् २०२२ जुलाईमा पूर्वप्रधानमन्त्री शिन्जो आबेको चुनाव प्रचारका क्रममा भएको हत्याको एक वर्ष पनि नबित्दै भएको थियो।वाकायामा जिल्ला अदालतले किमुरालाई हत्याको प्रयास गरेको आरोपमा १० वर्षको जेल सजाय सुनाएको जिजी प्रेस र सार्वजनिक प्रसारक एनएचके लगायत सञ्चारमाध्यमले बताएका छन्।



आसाही शिम्बुन दैनिकका अनुसार न्यायाधीशले अदालतमा किमुराले 'लोकतन्त्रको आधारशिला मानिने निर्वाचन भाषणको स्थलमा यो कार्य गरेको' बताउनुभयो।अभियोजनकर्ताहरूले १५ वर्षको सजायको माग गरेका थिए भने किमुराले उनले किसिदालाई मार्ने अभिप्राय अस्वीकार गरेकाले उनको प्रतिरक्षा टोलीले तीन वर्षसम्म जेल सजायको तर्क गरेको थियो।अदालतका प्रवक्ताले तत्काल यी रिपोर्टहरूको पुष्टि गर्न सकेनन्।

आक्रमणपछि प्रहरीले किमुराको घरमा गरेको खानतलासीमा शङ्कास्पद बारुद, पाइप जस्ता वस्तुहरू र औजारहरू फेला परेका थिए। एनएचकेका अनुसार सुनुवाइका क्रममा किमुराका वकिलहरूले उनको 'उद्देश्य (सार्वजनिक) ध्यान आकर्षित गर्नु थियो' भन्दै उनको आरोप हत्या प्रयास नभई 'चोट पुऱ्याउने' हुनुपर्ने बताए।तथापि अभियोजकहरूले यो घटनालाई 'दुर्भावनापूर्ण आतङ्कवादी कार्य' भन्दै आक्रमणकारीलाई आफ्नो विस्फोटक घातक भएको थाहा थियो भनी बताए।

पहिलेका रिपोर्टहरूका अनुसार किमुराले एक पटक राजनीतिक उम्मेदवारहरूको न्यूनतम उमेर र राष्ट्रिय कार्यालयका लागि उम्मेदवार बन्न कम्तीमा ३० लाख येन (१९,७०० डलर) आवश्यक पर्ने प्रावधानलाई चुनौती दिँदै मुद्दा दायर गरेका थिए।

# म्याक्रोँले युक्रेनबारे नयाँ वार्ताका इयूका अधिकारीसँग छलफल गर्ने





एएफपी

पेरिस । फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोँले रूसको 'अस्तित्वको खतरा' बारे युरोपेली प्रतिक्रियाको समन्वय गर्न युक्रेनबारे बुधबार नयाँ बैठक आयोजना गर्ने तयारी गर्नुभएको छ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले युक्रेनविरुद्धको रूसको तीन वर्षे युद्धपछि राष्ट्रपति भ्लादिमिर पुटिनसँग कूटनीति पुनः सुरु गर्न तयार रहेको प्रतिक्रिया दिएसँगै यसले इयूका अधिकारीहरूलाई चकित पारेको छ।

सोमबार म्याक्रोँले रूसमा वासिङ्टनको आश्चर्यजनक नीति परिवर्तनको समन्वयात्मक प्रतिक्रियाबारे छलफल गर्न प्रमुख युरोपेली नेताहरूका साथै नेटो र ईयू प्रमुखहरूलाई आकस्मिक वार्ताका लागि बोलाउनुभएको थियो।

रोमानिया र चेक रिपब्लिकलगायतका केही साना युरोपेली देशहरू युक्रेनको बलियो समर्थक हुँदाहुँदै पनि निमन्त्रणा नपाएकोमा आश्चर्यचकित भएका थिए। म्याक्रोँले बुधबार नयाँ बैठक बोलाउने र उनीहरूलाई पनि छलफलमा सहभागी गराउने बताउनुभएको थियो।

मङ्गलबार फ्रान्सका क्षेत्रीय पत्रिकालाई दिएको अन्तर्वार्तामा उहाँले आफूले 'धेरै युरोपेली र गैर-युरोपेली राष्ट्रहरुसँग' भेटघाट गर्ने योजना बनाएको बताउनुभएको छ। बुधबार अपरान्ह हुने भनिएको वार्तामा अधिकांश सहभागीले भिडियो लिङ्कमार्फत भाग लिने एलिसी (फ्रान्सको राष्ट्रपतिको कार्यालय)ले जनाएको छ।

म्याक्रोँले भन्नुभयो, "रूस युरोपेलीहरूको अस्तित्वको लागि खतरा हो।"रूसले सन् २०२२ को फेब्रुअरीमा युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेयता फ्रान्स युक्रेनको प्रमुख पश्चिमी समर्थकमध्ये एक रहँदै आएको छ।अन्तर्वार्तामा म्याक्रोँले युक्रेनमा सेना पठाउने विचारको लागि खुला रूपमा देखा पर्नुभएको थियो तर यो केवल सबैभन्दा सीमित फैशनमा र द्वन्द्व क्षेत्रहरूबाट टाढा हुन सक्छ भन्ने कुरामा जोड दिए।

उनले पेरिसले 'द्वन्द्वका लागि जुझारु जमीनी सेना पठाउने तयारी नगरेको' बताएका छन्।तर फ्रान्सले आफ्नो सहयोगी बेलायतसँग मिलेर 'कुनै पनि द्वन्द्वग्रस्त क्षेत्रभन्दा बाहिर सीमित शर्तमा विशेषज्ञ वा सेना पठाउने' विचार गरिरहेको थियो।म्याक्रोँले अमेरिकी घोषणाका दिनहरूमा निडरताका साथ ट्रम्पले पुटिनसँग 'उपयोगी वार्ता पुनः सुरु गर्न सक्नुहुन्छ' भन्ने सुझाव दिनुभएको थियो।

युक्रेनका विदेशमन्त्री ज्याँ नोएल बारोटले म्याक्रोँले युक्रेनबारे छलफल गर्न चाँडै नै पार्टीका नेतासँग भेटघाट गर्ने योजना बनाएको बताउनुभएको छ। "यो धेरै महत्वपूर्ण छ। सबै फ्रान्सेली जनता र उनीहरूका निर्वाचित प्रतिनिधिहरूले हामी आँफैलाई फेला पार्ने परिस्थितिको गम्भीरता र हामीले गर्नुपर्ने केही छनौटहरूको कठिनाईलाई पूर्ण रूपमा बुझ्नुपर्छ," उहाँले समाचारसंस्था आरटीएलसँग भन्नुभयो।

"रूसले हामीलाई शत्रु बनाउने निर्णय गरेको छ र हामीले आँखा खोल्नुपर्छ, खतराको मात्रा बुझ्नुपर्छ र आफ्नो रक्षा गर्नुपर्छ। क्रेमलिनसँग व्यवहार गर्दा विगतका गल्तीहरू स्वीकार गर्दै कदम चाल्ने समय आएको बताए।"यदि हामीले केही गरेनौं भने र खतराप्रति अन्धो भयौं भने 'फ्रन्ट लाइन' हाम्रो सीमाको नजिक जानेछ," बैरोटले भन्नुभयो।

# रुसले बर्बरता रोक्न चाहन्छ... यो अर्थहीन युद्ध हो : अमेरिकी राष्ट्रपति ट्रम्प



एएनआई

वासिङ्टन । युक्रेनमा युद्धको अन्त्यका लागि संयुक्त राज्य अमेरिका र रुसबीचको वार्तापछि राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी, रुसी र उत्तर कोरियाबीचका सैनिकहरूमाथि युद्धले पारेको क्षतिलाई उद्धृत गर्दै रुस द्वन्द्वको अन्त्य गर्न चाहन्छ भन्ने विश्वास व्यक्त गर्नुभएको छ।

उहाँले युद्धलाई 'अर्थहीन' भनेर जोड दिनुभयो र यो कहिल्यै हुनु नहुने थियो भन्दै उहाँको नेतृत्वमा यो हुने थिएन भनी जोड दिनुभयो।युद्ध अन्त्य गर्ने विषयमा अमेरिकी अधिकारी र रुसी प्रतिनिधिहरूबीचको वार्ताको बारेमा सोधिएको प्रश्नमा ट्रम्पले आफू 'धेरै बढी विश्वस्त' भएको र 'वार्ता धेरै राम्रो भएको' बताउनुभयो।

"रुसले केही गर्न चाहन्छ। उनीहरू त्यहाँ भइरहेको बर्बरतालाई रोक्न चाहन्छन्। साप्ताहिक रूपमा हजारौं सैनिक मारिँदैछन्। रुसी र युक्रेनी सैनिकहरूबाहेक धेरै कोरियाली मारिएका छन्", मार-अ-लागोमा मङ्गलबार (स्थानीय समय) कार्यकारी आदेशहरूमा हस्ताक्षर गर्दै ट्रम्पले भन्नुभयो, "हामी यसलाई अन्त्य गर्न चाहन्छौँ, यो एक अर्थहीन युद्ध हो। यो कहिल्यै हुनु हुँदैनथ्यो; म राष्ट्रपति भएको भए यो कहिल्यै हुने थिएन।"

उल्लेखनीयछ,रुसीविदेशमन्त्री सर्गेई लाभरोभले मङ्गलबार अमेरिकी विदेशमन्त्री मार्को रुबियो र अन्य अधिकारीहरूसँग वार्ता गर्नुभयो। वार्तामा युक्रेनको स्थितिसहित विभिन्न विषयमा केन्द्रित भएर दुवै पक्षले सङ्घर्ष समाधान गर्न र यसका मूल कारणहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

रुसी र युक्रेनी सैनिकहरुबाहेक धेरै कोरियाली मारिएका छन्", मार-अ-लागोमा मङ्गलबार (स्थानीय समय) कार्यकारी आदेशहरुमा हस्ताक्षर गर्दै ट्रम्पले भन्नुभयो, "हामी यसलाई अन्त्य गर्न चाहन्छौँ, यो एक अर्थहीन युद्ध हो ।

साउदी अरबमा चार घन्टाभन्दा बढी समय चलेको वार्तापछि अमेरिका र रुस चारवटा मुख्य सिद्धान्तमा सहमत भएको मङ्गलबार रुबियोले बताउनुभयो। यसमा 'युक्रेनमा द्वन्द्वको अन्त्यका लागि वार्ता गर्न र काम गर्न' मद्दत गर्न एक उच्चस्तरीय टोली नियुक्त गर्नु समावेश छ जुन 'संलग्न सबै पक्षहरूलाई स्वीकार्य छ', भनी सिएनएनले जनाएको छ।

तथापि छलफलको हिस्सा नभएका युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेन 'रुसको अल्टिमेटमलाई आत्मसमर्पण गर्नेछैन' भन्दै युक्रेनको सहभागिता बिना भएको कुनै पनि सम्झौतामा हस्ताक्षर गर्न अस्वीकार गर्ने कुरामा जोड दिनुभयो। एक्समा एक पोस्टमा रूसी विदेश मन्त्रालयले लेखेको छ, "विदेशमन्त्री सर्गेई लाभरोभ र राष्ट्रपतिका सहयोगी युरी उशाकोभले विदेशमन्त्री रुबियो, राष्ट्रिय सुरक्षा सल्लाहकार माइकल वाल्ट्ज र मध्यपूर्वका लागि अमेरिकी विशेष दूत स्टिभ विटकोफसँग वार्ता गर्नुभयो। दुवै पक्ष रुस-अमेरिका संवाद स्थापना गर्न सहमत भएका छन्।"

रुस-अमेरिका परामर्शमा रुसी विदेश मन्त्रालयले एक प्रेस विज्ञप्तिमा भनेको छ, "सहभागीहरूले द्विपक्षीय सम्बन्धहरूलाई सामान्य बनाउने सम्भावनासहित विषयहरूको व्यापक दायरामा छलफल गरे। पक्षहरू सकेसम्म चाँडो सम्बन्धित राजदूतहरू नियुक्त गर्न र दुई देशका कूटनीतिक मिशनहरूको गतिविधिमा लगाइएका प्रतिबन्धहरू हटाउन उपविदेशमन्त्रीहरूको स्तरमा परामर्श सुरु गर्न सहमत भए।"

"दुवै पक्षले युक्रेन वरपरको स्थितिमा विचार आदानप्रदान गरे र द्वन्द्व समाधानका लागि आपसी प्रतिबद्धता दोहोऱ्याए। रुसी पक्षले द्वन्द्वका मूल कारणहरू हटाउन, दीर्घकालीन र स्थायी शान्ति प्राप्तिका लागि उचित अवस्था सिर्जना गर्न र यस क्षेत्रका सबै देशहरूको सुरक्षा र वैध हितहरू सुनिश्चित गर्ने महत्त्वलाई जोड दियो। निकट भविष्यमा नियुक्त हुने विशेष दूतहरूमार्फत यस क्षेत्रमा संयुक्त कार्य जारी राख्ने सहमति भयो", विज्ञप्तिमा उल्लेख छ।

आणविक शक्ति र संयुक्त राष्ट्र सुरक्षा परिषद्का स्थायी सदस्यहरूका रूपमा शान्ति र सुरक्षाका मामिलाहरूमा रुस र संयुक्त राज्य अमेरिकाको विशेष जिम्मेवारीको बारेमा सचेत रहँदै दुवै राष्ट्र अन्य अन्तर्राष्ट्रिय मुद्दाहरूमा छलफल गर्न सञ्चार माध्यमहरू पुनः सुरु गर्न पनि सहमत भएका छन्। विज्ञप्तिमा उल्लेख भए अनुसार रुसी र अमेरिकी राष्ट्रपतिहरूबीचको बैठक तयार गर्न संयुक्त कार्य जारी राख्ने चासो पुष्टि गरिएको छ।

# माल्दिभ्सलाई बचाउन कडा वित्तीय नियन्त्रण गर्न आइएमएफको आग्रह

एएफपी

माले । अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले माल्दिभ्सलाई समृद्ध पर्यटन उद्योगका बाबजुद आफ्नो समस्याग्रस्त अर्थतन्त्रलाई बचाउन 'तत्काल र बलियो' वित्तीय सुदृढीकरणको आवश्यकता रहेको चेतावनी दिएको छ।

उच्च श्रेणीको हिन्द महासागरीय छुट्टी गन्तव्य (होलीडे डेस्टिनेसन) ले सन् २०२५ मा आफ्नो अर्थतन्त्र पाँच प्रतिशतले बढ्ने अपेक्षा गरेको छ तर आइएमएफले यो सुनौलो पूर्वानुमानले सम्भावित चुनौतीहरू लुकाएको चेतावनी दिएको छ।

"पूर्वानुमानको वरिपरि ठूलो अनिश्चितता छ र जोखिमहरू नकारात्मक दिशामा झुकेका छन्", वासिङ्टनस्थित अन्तिम सहाराको ऋणदाताले मङ्गलबारको विज्ञप्तिमा भनेको छ, "थप तत्काल र बलियो वित्तीय सुदृढीकरणको आवश्यकता छ।

अत्यधिक खर्च रोक्न समग्र खर्चलाई युक्तिसङ्गत बनाउनु आवश्यक छ।"

यो सानो देशले गत वर्षको अन्त्यमा आइएमएफको राहत ऋणलाई अस्वीकार गरेको थियो र राष्ट्रपति मोहम्मद मुइज्जुले ५० प्रतिशत तलब कटौतीको घोषणा गरेर सरकारले गम्भीर खर्च कटौतीको घोषणा गरेको थियो।मुइज्जुले अधिकांश सार्वजनिक क्षेत्रका जागिरमा अनिवार्य १० प्रतिशत तलब कटौती पनि लागु गर्नुभएको छ।

माल्दिभ्सले सेप्टेम्बरमा आफ्नो वित्तीय समस्या 'अस्थायी' भएको र सम्भावित सार्वभौम डिफल्टको चेतावनीका बावजुद उसको राहत माग्ने कुनै योजना नभएको बताएको थियो। आइएमएफले समग्र वित्तीय घाटा र सार्वजनिक ऋण उच्च रहने अनुमान गरेको छ र तत्काल नीति समायोजनको आह्वान गरेको छ। "माल्दिभ्सले समष्टि आर्थिक स्थिरता र ऋण दिगोपनलाई तत्काल पुनःस्थापना गर्न महत्त्वपूर्ण क्षणमा यात्रा गरिरहेको छ", आइएमएफले भन्यो। निर्मल सेतो बालुवा किनार र एकान्त रिसोर्टहरू भएको विलासी छुट्टी गन्तव्यका रूपमा परिचित माल्दिभ्स भू-राजनीतिक 'हटस्पट' पनि बनेको छ।

भूमध्यरेखामा छरिएका एक हजार १९२ कोरल टापुहरू मिलेर बनेको माल्दिभ्सका लागि चीन र भारत दुई ठूला द्विपक्षीय ऋणदाता हुन्।बेइजिङले सन् २०२३ मा मुइज्जुको जितपछि थप कोष उपलब्ध गराउने वाचा गरेको छ।

मुइज्जुले विकास कोष उपलब्ध गराउनमा 'निस्वार्थ सहयोग' गरेकामा चीनलाई धन्यवाद दिनुभएको छ।

ANJANI SUITE
सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
ANJANI SUITE

# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/११/०८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

## तपसिल

### क.सं. १. ऋणीको विवरण

**नाम : न्यू यादव पोल्ट्रि फर्म**
कम्पनी दर्ता भएको स्थान : घरेलु तथा साना उद्योग कार्यालय बिरगंज, पर्सा
कम्पनी दर्ता नं. : ८४३३/०७३/०७४, दर्ता मिति : २०७३/०७/२४
दर्ता ठेगाना : देउरबाना -३, पर्सा
पान नं. : ६०४८१४६७८, पान दर्ता मिति : २०७३/१०/२३
**प्रोप्राइटर : पानालाल प्रसाद यादव, शाखा कार्यालय : वीरगंज**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : रामगुलाम प्रसाद अहिर**<br>बाबुको नाम : जनक राउत अहिर<br>बाजेको नाम : परबारी राउत<br>ठेगाना : महुवन -.७, पर्सा<br>ना.प्र.प.नं. : ०८५६२३६८<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०३६/०८/०९ | **२. नाम : पानालाल प्रसाद यादव**<br>बाबुको नाम : रामगुलाम प्रसाद अहिर<br>बाजेको नाम : जनक राउत अहिर<br>ठेगाना : महुवन -.७, पर्सा<br>ना.प्र.नं. : ५७९४१७०७<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०५९/०५/२३ |
| **३. नाम : हरेन्द्र यादव**<br>बाबुको नाम : रामगुलाम प्रसाद अहिर<br>बाजेको नाम : जनक राउत अहिर<br>ठेगाना : महुवन -.७, पर्सा<br>ना.प्र.नं. : ५७९४१८७६<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०६२/०३/२८ | **४. नाम : सुनरपतिया अहिर**<br>पतिको नाम : रामगुलाम प्रसाद अहिर<br>ससुराको नाम : जनक राउत अहिर<br>ठेगाना : महुवन -.७, पर्सा<br>ना.प्र.प.नं : ५८९४१३८५<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०४६/०२/२१ |

**५. नाम : अन्जु देबी**
पतिको नाम : पानालाल प्रसाद यादव, ससुराको नाम : रामगुलाम प्रसाद अहिर
ठेगाना : महुवन -.७, पर्सा
ना.प्र.नं. : ३४१०५०/४१, जि.प्र.का. पर्सा, जारी मिति : २०६५/०३/०९

**धितोको विवरण**
सुनरपतिया अहिरको नाममा मालपोत कार्यालय पर्सा, वीरगंजमा दर्ता रहेको सुगोली -३, पर्सा स्थित कित्ता नं. २४८ को क्षेत्रफल ०-१५-० व.मी. को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

### क.सं. २. ऋणीको विवरण

**नाम : कमलेश कुमार यादव**
बाबुको नाम : राज नारायण राय यादव, बाजेको नाम : चलितर राय यादव
ठेगाना : हरिपुर्वा - ७, सर्लाही
ना.प्र.प.नं. : १९-०१-७४-०६६७४, जि.प्र.का. सर्लाही, जारी मिति : २०७४/०६/२९
**शाखा कार्यालय : लालबन्दी**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : राज नारायण राय यादव**<br>बाबुको नाम : चलितर राय यादव<br>ठेगाना : सोनमा - १, महोत्तरी<br>हाल : हरिपुर्वा - ७, सर्लाही<br>ना.प्र.प.नं. : ८९९८३३२७<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४३/१०/२५ | **२. नाम : मुकेश राय**<br>बाबुको नाम : राज नारायण राय यादव<br>बाजेको नाम : चलितर राय यादव<br>ठेगाना : बसन्तपुर - ८, सर्लाही<br>हाल : हरिपुर्वा - ७, सर्लाही<br>ना.प्र.प.नं. : १९-०१-७१-१०३७७<br>जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७१/१२/०८ |

**३. नाम : श्रीवती देवी**
पतिको नाम : सोनी राय यादव, ससुराको नाम : चलितर राय यादव
ठेगाना : बसन्तपुर - ८, सर्लाही, हाल : हरिपुर्वा - ७, सर्लाही
ना.प्र.प.नं. : ८२७७४०१६, जि.प्र.का. सर्लाही, जारी मिति : २०५७/०१/०७

**धितोको विवरण**
१. कमलेश कुमार यादवको नाममा मालपोत कार्यालय मंलगवा, सर्लाहीमा दर्ता रहेको सन्तपुर बसन्तपुर - २ क, सर्लाही स्थित कित्ता नं. ५५० को क्षेत्रफल ०-०-१२-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
